# नरेन्द्रराज प्रसाईको अर्जुनदृष्टि : ललितत्रिपुरसुन्दरी

(समालोचना)

[illegible]

नरेन्द्रराज प्रसाईंको अर्जुनदृष्टि

# ललितत्रिपुरसुन्दरी

प्रा.डा.सावित्री कक्षपती

प्रकाशक : नइ प्रकाशन
पोस्टबक्स : ११४४१, काठमाडौँ (नेपाल)
टेलिफोन : ४७७१४५५
मोबाइल : ९८५१०१६८९९, ९८४१२२४५९३
Email : nai.com.np@gmail.com
website : nai.com.np
शुद्धाशुद्धि : लवप्रसाद भण्डारी
कम्प्युटर : आयुष्मान शाक्य
आवरण चित्रकार : इन्द्र खत्री
मुद्रक : ऋचा अफसेट प्रेस
नइ कृतिमाला : १८१
मोल : दुई सय रुपियाँ
प्रथम संस्करण : २०८१ (2024)
© सुरक्षित, २०८१ साल (2024)

---

ISBN:978-9937-786-16-4
Critiques on the Biography of Lalit Tripursundari by Narendra Raj Prasai
–Prof. Dr. Sabitri Kakshapati

# प्रकाशकीय

नेपाली वाङ्मयको श्रीवृद्धिका लागि २०५२ साल माघ १५ गते नइ प्रकाशनको स्थापना भएको हो । यस संस्थाले २०५५ साल वैशाख १७ गते विधिवत् रूपमा सरकारी मान्यता पाएको थियो । स्रष्टाद्वय नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईको नाउँका अगाडिका अक्षर जोडेर नइ प्रकाशननामक साहित्यिक, सांस्कृतिक र सामाजिक संस्थाको स्थापना गरिएको हो । यो संस्था नेपाली वाङ्मयप्रेमीहरूको साझा चौतारी हो । यो संस्था 'वसुधैव कुटुम्बकम्'को आदर्शमा आबद्ध छ । यस संस्थाले परम्परागत सांस्कृतिक मूल्य, मान्यता र धारणालाई सदैव शिरोपर गर्दै आएको छ । देशदेशान्तरका प्रतिभाको सम्मान गर्नु यस संस्थाको अर्को प्रमुख उद्देश्य रहेको छ ।

नेपाली भाषासाहित्य, कला, संस्कृति, समाजसेवा, ज्ञानविज्ञान, चिन्तन, खेलकुदलगायत अन्य विविध क्षेत्रका प्रतिभाको खोजी र तिनीहरूको अर्चनामा नइ प्रकाशन अग्रसर छ । यस संस्थाबाट निरन्तर प्राज्ञिक महत्त्वका विभिन्न कार्यहरूका अतिरिक्त विविध ग्रन्थमालाहरूको पनि प्रकाशन भइरहेको छ ।

नइ प्रकाशन नेपाली मूल्य, मान्यता र संस्कृतिलाई अङ्गीकार गर्दै नेपाली प्रतिभाका सिर्जनात्मक कौशललाई सुन्दर एवं सुरुचिपूर्ण ढङ्गले प्रस्तुत गर्नसमेत अग्रसर हुँदै आएको छ ।

नइ प्रकाशनको योगदानलाई मूल्याङ्कन गरेर नेपाल सरकार हुलाक सेवा विभागले नइ प्रकाशनको लोगो अङ्कित दस रुपियाँको दस लाखप्रति हुलाक टिकट र नेपाल राष्ट्र बैङ्कले दस हजारप्रति सिक्का प्रकाशनमा ल्याएर हाम्रो समग्र कार्यको उच्च कदर गरिदिएकोमा हामी थप प्रोत्साहित भएका छौँ । नेपाल राष्ट्र बैङ्कबाट नेपाली साहित्यिक संस्थाका नाउँमा धातु (क्युप्रोनिकेल) को सिक्का टकमरी भएको यो नै पहिलो अवसर भएकाले हामीलाई अरू गौरव लागेको छ ।

नइ प्रकाशन नाफाविहीन गैरराजनैतिक सामाजिक संस्था हो । यस संस्थाको प्रस्तावनामा उल्लिखित उद्देश्यअनुरूप विविध कार्यक्रम र योजनामुताबिक प्रस्तुत कृति प्रकाशनमा आएको हो ।

**नरेन्द्रराज प्रसाईद्वारा लिखित** 'प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरी' ठोस प्रमाणका आधारमा अन्वेषण गरिएको जीवनीकृति हो । त्यही थामलाई झन् सशक्त बनाउँदै विदुषी समालोचक प्रा.डा.सावित्री कक्षपतीबाट **'नरेन्द्रराज प्रसाईको अर्जुनदृष्टि : ललितत्रिपुरसुन्दरी'**नामक समालोचनात्मक **कृति प्रस्तुत** भएको छ ।

अन्वेषक प्रा.डा.सावित्री कक्षपतीबाट लिखित प्रस्तुत **'नरेन्द्रराज प्रसाईको अर्जुनदृष्टि : ललितत्रिपुरसुन्दरी'**नामक कृतिले एकातिर प्रसाईको अनुसन्धानात्मक जीवनीलेखनमाथि अरू प्रकाश पारिएको छ भने अर्कातिर प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरीको लेखनगाथालाई सग्लो रूपमा जनमाझ ल्याएको छ ।

**नरेन्द्रराज प्रसाईको अर्जुनदृष्टि : ललितत्रिपुरसुन्दरी**नामक कृति प्रकाशित गर्न पाउनु नइ प्रकाशनका लागि एउटा विशेष गौरवको अवसर भएको छ ।

• *नइ प्रकाशन*

# विषयसूची


- **पहिलो नेपाली नारी लेखक : ललितत्रिपुरसुन्दरी** (लेखकीय) • ९

१. आदिगद्यकार ललितत्रिपुरसुन्दरी • २१

२. पुस्तक संरचनामा 'प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरी' • २६

३. नरेन्द्रराज प्रसाईको अर्जुनदृष्टि : ललितत्रिपुरसुन्दरी • ७२

- **नरेन्द्रराज प्रसाई** (संक्षिप्त परिचय) • ७६

# पहिलो नेपाली नारी लेखक ललितत्रिपुरसुन्दरी

खोजी कार्य, अध्ययन, अनुसन्धान मेरो रुचिको विषय ! मेरो स्नातकोत्तर तहको अनुसन्धानको शीर्षक थियो– पत्रपत्रिकामा भएका विज्ञापनमा नेपाली भाषाको प्रयोग । प्रा.डा.चूडामणि बन्धुको शोधनिर्देशनमा रहेर मैले शोधकार्य पूरा गरेकी थिएँ । २०४० सालमा मैले शोधकार्यको थालनी गरेकी थिएँ । नेपाली भाषाको प्रयोजनपरक अवस्थाको अध्ययन गर्नु र त्यसलाई परिस्थितिगत विश्लेषण गरी एक प्रकारको मानकको स्थापना गर्नु मेरो रुचिको विषय थियो र अहिले पनि छ । यसलाई केन्द्रमा राखेर शोधप्रस्ताव लेखेकी थिएँ । त्यसका लागि पत्रपत्रिकामा छापिएका विज्ञापनको भाषालाई शोधसामग्रीका रूपमा प्रयोग गर्ने निधो गरेँ ।

उद्योगपतिले ग्राहकलाई केन्द्रमा राखेर आफ्ना उत्पादनको प्रचारप्रसार गर्नका लागि पत्रपत्रिकामा छाप्ने गरेका विज्ञापनमा नेपाली भाषाको प्रयोग कसरी भएको छ भन्ने कुराको अध्ययन र विश्लेषण गर्ने र नेपाली भाषाको प्रयोजनपरक अवस्था कस्तो छ भन्ने कुरा निर्क्योल गर्नु थियो । अध्ययनका लागि सीमाभित्र परेका पत्रिकाको विज्ञापनका कटिङ टेबुल र खाटभरि छरिएका हुन्थे । सेलोटेपले सम्बन्धित शीर्षकमा ती विज्ञापनका नमुनालाई पेस्ट गर्दै गरिएको अनुसन्धान अहिले पनि आँखाअगाडि बेलाबेलामा

आउने गर्दछ । यसमा अध्ययन गर्ने मेरो धीत मरेकै छैन । किनभने मेरो शोधकार्य वा अनुसन्धानले भाषाको प्रयोजनपरक भेदको पद्धति र सिद्धान्तमा टेकेर अध्ययन गरिरहेको थिएन । वर्णविज्ञानलाई आधार मानेर त्यसैको अनुशासनमा रही शोधकार्यले आफ्नो यात्रालाई अगाडि बढाउन थाल्यो । शोधकार्य सम्पन्न त भयो, तर मैले सोचेको जस्तो हुन सकेन । खिन्न नभएको चाहिँ होइन । निकै समयपछि भास्कर राजकर्णिकारसँग मेरो शोधको विषय 'विज्ञापनको नेपाली भाषा' भनेर कुराकानी भएको थियो । यो सुनेर उहाँ निकै खुसी हुनुभएको थियो । किनभने उहाँ त उद्योगपति । उद्योगले सामान उत्पादन गरिसकेपछि आफ्नो सामानको प्रचारका लागि जाने त विज्ञापनमै हो । त्यही विज्ञापनमा भएको नेपाली भाषाको प्रयोगको अध्ययन भन्ने कुराले उहाँको ध्यानाकर्षण भएको थियो ।

नेपाल बैङ्क लिमिटेडको स्वर्णजयन्ती थियो । त्यहाँबाट मासिक रूपमा निस्कने नेपाल बैङ्क पत्रिकालाई 'स्वर्णजयन्ती अङ्क' भनेर गरिएको प्रकाशनका लागि त्यस पत्रिकाका सम्पादक ओममणि शर्माले नेपाल बैङ्कसम्बन्धी एउटा लेख लखिदिन अनुरोध गर्नुभयो । त्यति बेला मैले 'नेपाल बैङ्क' पत्रिकामा भएको विज्ञापनमा नेपाली भाषाको प्रयोग' शीर्षकमा लेख लेखेकी थिएँ । त्यति बेलाका सञ्चालक समितिका अध्यक्ष कमलमणि दीक्षित हुनुहुन्थ्यो । उहाँकै डिजाइन रहेछ त्यो विज्ञापन लेखनको । पछि भेट्दा उहाँले हँसिलो मुहारले 'अहो, कस्तो राम्रो लेख्नुभएको; म त एक पाथी चामलको भात खाएजस्तै आनन्दित भएको छु तपाईंको भाषिक विश्लेषण पढ्दा' भन्नुभएको पनि अहिलेझैँ लाग्छ ।

त्यस्तै त्रिभुवन विश्वविद्यालयबाट गरेको मेरो विद्यावारिधिको शोधशीर्षक 'बालकृष्ण समका नाटकमा रङ्गशिल्प' प्रा.डा.दयाराम श्रेष्ठको निर्देशनमा गरेकी हुँ । विभागका लागि अत्यन्तै नयाँ

विषय भएकाले शोध दर्ता गराउन मैले धेरै मेहनत गर्नुपरेको थियो । किनभने अहिलेसम्म अध्ययन नै नभएको नाटकको रङ्गशिल्पजस्तो विषयमा 'तपाईंको शोध कसरी हुन सक्छ ? ६०–७० पृष्ठभन्दा माथिको त पूर्वकार्यको विवरण लेखिनुपर्छ । विद्यावारिधिजस्तो गहन अध्ययनका लागि सामग्री नै नभएको विषय कसरी लिन सकिन्छ । लिटरेचर रिभ्यु नगरीकन तपाईंको शोधकार्यको स्थायी दर्ता नै हुँदैन' भनिएको थियो । शोधको प्राविधिक हिसाबले त कुरा सही नै थियो । तर मेरो दृष्टिकोण फेरि 'शोध अनुसन्धान भनेको अध्ययन नभएको विषयमा गहन अध्ययन गरी नयाँ तथ्य पत्ता लगाउनु हो' भन्ने थियो । म शोधार्थी र कार्यालयका कुरा एकअर्कामा बाझिएको जस्तो देखिन पुगेको थियो । धेरै समयसम्म कुरा नमिल्ला कि नमिल्ला कि जस्तो भइरहेको थियो । मैले सम्बन्धित निकायलाई शोधको विषयको आवश्यकताबारे बुझाउन सफल भएँ, शोधशीर्षक दर्ता भयो ।

मैले डा.दयाराम श्रेष्ठलाई मेरो शोधनिर्देशक बसिदिन अनुरोध गरेपछि उहाँले 'यो मेरो विषय होइन म कसरी तपाईंलाई शोधनिर्देशन गर्न सक्छु र' भन्नुभएको थियो । मैले 'सरले मलाई शोधप्रक्रिया र पद्धतिको बाटोबाट मात्र हिँडाउनु होला, बाँकी काम म आफैँ गर्छु' भनेर उहाँलाई मेरो शोधनिर्देशक बन्नका लागि मनाएकी थिएँ । म के कुरामा विश्वस्त थिएँ भने दृश्यविधा नाटकको पठन र यसको मञ्चनको विषयमा भएको दूरी वा ग्यापलाई मैले स्पष्ट देखिरहेकी थिएँ । मेरो अध्ययन र अनुसन्धानले त्यो ग्यापलाई पूरा गर्ने प्राक्कल्पना वा हाइपोथेसिस बुनिसकेकी थिएँ । मञ्चनका हिसाबले 'बालकृष्ण समका नाटक निकै असजिलो र असम्भव छ' भन्ने भाष्यनिर्माण भएको थियो । त्यसैलाई आधार बनाएर लेखिएका पुस्तकहरू एकपछि अर्को आइरहेका थिए । प्राध्यापक, शिक्षक र विद्यार्थीका हातमा तिनै

पुस्तक परिरहेका थिए । त्यसैका आधारमा विश्वविद्यालयमा समका नाटकलाई पढाइँदा मेरो अन्तश्चेतनाले 'के समले मञ्चनका लागि त्यस्ता असजिला र असम्भव नाटक लेखे होलान् त' भन्ने जिज्ञासा र समस्यालाई उठाइरहेको थियो । त्यही अन्तश्चेतनाबाट निर्देशित साहसले मैले नाटकको शोधको क्षेत्रलाई रङ्गशिल्पमा केन्द्रित गरी नवीन छलाङ लगाएकी हुँ । मैले बडो मेहनतले गरेको अनुसन्धानको निष्कर्षले नाटककार मात्र भनेर बुझाइने गरेको समलाई अर्को परिचयमा स्थापित गरिदिएको छ । त्यो के हो भने 'सम नाटककार मात्र होइनन् : उनी निर्देशक हुन्, नाटकमा खेल्ने अभिनेता हुन्, नाटकलाई रङ्गमञ्चसम्म लिएर जाने रङ्गव्यवस्थापक हुन् अथवा उनी रङ्गकर्मी हुन् भनेर प्रामाणिक रूपमा पुष्टि गरिएको छ । मैले नाटकको रङ्गशिल्पको अध्ययन र अनुसन्धानका लागि बनाएको मापनलाई नै आधार बनाएर 'रङ्गशिल्पी बालकृष्ण सम र उनको रङ्गशिल्प' भन्ने पुस्तक लेखेकी छु, जसको प्रकाशन साझा प्रकाशनबाट भएको छ ।

अनुसन्धान कहिलेकाहीँ धरापमा पर्ने गरेको छ । कपिपेस्ट बनाइएको आजकालको अनुसन्धानले शिक्षण क्षेत्र रोगी भएको छ । यसमा शिक्षक र विद्यार्थी दुवै दोषी देख्छु म । यही धारमा स्थापित हुन लागेको अनुसन्धानलाई नक्कली शोध वा कपिपेस्टको शोध भन्ने गरको भन्ने आरोप पनि लाग्ने गरेको देखिन्छ । त्यस्तो कुरा सुन्नुपर्दा दु:ख लाग्छ । हुन पनि त्यस्तै भइरहेको छ । हिजोआज बदनाम भएको कपिपेस्टको शोधलेखनले अनुसन्धान वा शोधकार्य नै ह्रासोन्मुख यात्रातिर गएको देखिरहेकी छु । यो अवस्थामा आउने गरेको नकारात्मक टिप्पणीले म झस्किने गरेकी छु । यसैले मेरो शोधकार्य चाहे त्यो स्नातकोत्तर तहको होस्, चाहे विद्यावारिधिको, सक्कली शोधकार्य हो वा अर्ग्यानिक अनुसन्धान हो भनेर वकालत गर्ने गरेकी छु । गहुँ

पिसिँदा घुन पनि पिसिएजस्तै हुन लाग्दा मैले आफ्नो काम कस्तो हो भनेर तुरुन्त पुष्टि गर्ने गरेकी छु ।

आफूले शोधनिर्देशक भएर स्नातकोत्तर तहका विद्यार्थीलाई विभिन्न विषयमा अनुसन्धान गराइयो । शोधनिर्देशक भएर निर्देशन गरिँदा आवश्यकताअनुसार फिल्ड भिजिट गराउने, प्राप्त सामग्रीको अडियोभिजुअल डकुमेन्टेसन गर्न भनियो । शोधविशेषज्ञ भएर बेलाबेलामा विभिन्न क्याम्पस गइयो । त्रिभुवन विश्वविद्यालय डिन अफिसबाट गराइने विद्यावारिधिको शोधमूल्याङ्कन गरियो । त्रिभुवन विश्वविद्यालयको समन्वय महाशाखाको लघु अनुसन्धान अन्तर्गतको शोधकार्यको मूल्याङ्कन गरियो । यो प्राज्ञिक शोधकार्यको विधिको आफ्नै अन्तर्राष्ट्रिय मापदण्ड छन् । त्यसैमा टेकेर विद्यार्थीलाई निश्चित अङ्क प्राप्तिका लागि विधि पुऱ्याएर शोधकार्य गराइन्छ । त्यही विधिमा टेकेर हामीलाई प्राप्त भएको शोधकार्यको मूल्याङ्कन गनुपर्ने हुन्छ । यही अनुशासनमा बसेर मैले पनि आफ्नो शोधअनुसन्धानलाई पूरा गरेकी हुँ ।

म यस्तो पृष्ठभूमिको मानिस हुँ । अहिले आएर त्यस्ता विधिविधानको अनुसन्धान कहिलेकाहीँ मलाई रूढिजस्तो लाग्ने गर्दछ । त्यसैले स्वतन्त्र स्वत:स्फूर्त खोजी लेखनले आकर्षित गर्ने गरेको छ । त्यसमा म मौलिक र अग्र्यानिक खोजीयात्रा भेट्ने गरेकी छु । त्यस्ता मौलिक अनुसन्धानको सुगन्धले बढी आकर्षित गर्न थालेको छ । अनुसन्धान स्पष्ट र परिणाममुखी हुनुपर्छ भन्ने मेरो मान्यता हो । त्यही धारको अनुसन्धानले मलाई अध्ययनको गहिराइमा पुऱ्याउने गरेको छ । त्यही सन्दर्भमा मैले नरेन्द्रराज प्रसाईद्वारा लेखिएको ‘प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरी’लाई छिचोल्ने प्रयास गरेकी हुँ । पुस्तक कताकता देखिरहेकी थिएँ । तर हातैमा पर्न सकेको अवस्था थिएन । यसबारे चर्चापरिचर्चा

हुने क्रममा प्रा.डा.वीणा पौडचालद्वारा सम्पादन गरिने 'नरेन्द्रराज प्रसाईको अन्वेषणमा ललितत्रिपुर सुन्दरी'नामक कृतिका लागि मेरो हातमा ललितत्रिपुरसुन्दरीको जीवनी पुस्तक दिँदै र यसबारे हजार शब्दजतिको मन्तव्य, लेख या समीक्षा लेख्नका लागि आग्रह भयो । पुस्तक हातमा पर्नेबित्तिकै पुस्तकमा ललितत्रिपुरसुन्दरीको स्केच भएको आवरणले मलाई आकर्षित गरिरह्यो र त्यसैलाई मूल ढोका बनाएर पुस्तकभित्र म प्रवेश गरेकी हुँ । विषय या प्रसङ्गले मलाई छोइरहेकै थियो र मैले 'प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरी' घोत्लिएर नै अध्ययन गरेकी हुँ । जतिजति कितापभित्र पसेँ उतिउति मलाई छोइ नै रह्यो । त्यसैले लेख्दै जाँदा एघारबाहृ हजारजति शब्दहरूमा लेखनले विस्तार लिन पुग्यो । अन्ततः मेरो एउटा बेग्लै समालोचनात्मक कृति नै तयार भयो ।

शोधको परिणाममुखी हुनुपर्छ भन्ने सन्दर्भलाई विचार गर्दा अनुसन्धाता नरेन्द्रराज प्रसाईले ललितत्रिपुरसुन्दरीलाई पहिलो नेपाली नारी लेखक भनेर विश्लेषण र मूल्याङ्कन गरेका छन् । यो अवस्थामा त्यही तथ्यलाई गहन पठनले 'प्रथम नारीस्रष्टा'भन्दा पनि उनलाई नेपाली साहित्यको 'पहिलो गद्यकार हो' भन्ने मेरो मनले ठहर गऱ्यो । नारी र पुरुष हैन, नितान्त स्रष्टा भन्ने निष्कर्षमा म पुगेँ । ललितत्रिपुरसुन्दरीको 'राजधर्म' लेखनले बनाएको गद्यलेखनको बिन्दुबाट नेपाली गद्यलेखनको गोरेटो कोरिएको हो भन्ने तथ्य हात लाग्यो । त्यसपछि लेखिएका गद्यलेखनको निरन्तरताले बनाएको इतिहासले नै सिर्जनात्मक लेखनका लागि उर्वर भूमि तयार पारेको हो भन्ने कुरा देखिएको छ । यस अर्थमा भानुभक्तले 'पहिलो पद्य' हुने सौभाग्य पाएजस्तै भानुभक्तभन्दा अगाडि ललितत्रिपुरसुन्दरीको १८८१ सालमा नेपाली भाषामा अनुवाद भएको वा लेखिएको 'राजधर्म' गद्यलेखनको पहिलो नमुना हो भन्ने

स्पष्ट देखिएको कुरा भेटेँ । यस्तो महत्त्वपूर्ण छलाङमा नारी र पुरुष भनेर विश्लेषण गर्न थाल्नु उचित देख्दिनँ । लेखक नितान्त सर्जक हो, जसले अति चेतना वा सुपरकन्ससको स्थितिमा पुगेर रचना गर्दछ, जति बेला ऊ आफैँमा आफू हुँदैन । त्यो पल र घडीको व्यक्तित्वलाई नारी र पुरुषको खण्डमा राखेर विभाजन गरिँदा अन्याय हुन्छ भन्ने मेरो मान्यता हो । यसैले ललितत्रिपुरसुन्दरी पहिलो गद्य लेखक हुन्, लेखिका होइन है । लेखक ललितत्रिपुरसुन्दरीले गरेको यो योगदानलाई हिजो जेजस्तो भनिए पनि अबचाहिँ उनलाई पहिलो गद्यकार हुन् भनी मूल्याङ्कन गरिनुपर्छ भन्ने मेरो अध्ययनले ठहर गरेको छ ।

अहिलेको परिवर्तित समयमा यसका बारेमा विहङ्गम छलफल र बहस अनि विचारविमर्श गरिनुपर्ने स्थितिको सिर्जना यो पुस्तकले गरेको छ । यदि भविष्यका पुस्तालाई सही तथ्यसँग सुसूचित गराउने हो भने साहित्यिक इतिहासलाई आवश्यकताअनुसार पुनर्लेखन गरिनुपर्दछ । यो विश्वव्यापी हुने गरेको प्राज्ञिक कार्य हो । यस अर्थमा नरेन्द्रराज प्रसाईबाट खोजी गरी प्राप्त प्रामाणिक तथ्यले यो पुनर्लेखनको माग गरेको देखेकी छु ।

ललितत्रिपुरसुन्दरी पढ्ने र पढाइने समयमा अनेकौँ पटक सम्झिने, लेखिने र चर्चा गर्ने गरिएको नाम हो । मात्र एकदुई लाइनमा उनका बारेमा भनेर अर्को तिर विषयलाई अगाडि बढाइहाल्नुपर्ने पाठ्यक्रमको ढाँचा हुन्थ्यो । सायद अब यो खोजी कार्यबाट निस्केको परिणामले त्यसो गर्न नमिल्ने सङ्केत म देखिरहेकी छु । किनभने हिजोको समयमा प्रामाणिक सामग्री थिएनन् होला, त्यसैले त्यो अवस्थामा त्यही भनियो । तर प्रामाणिक सामग्रीसहित नरेन्द्रराज प्रसाईद्वारा लिखित ललितत्रिपुरसुन्दरी पुस्तक आएको छ । इतिहासको प्राचीनता सधैँ त्यही नै रहिरहँदैन । त्यति बेला प्राप्त सामग्रीका आधारमा लेखिसकेको इतिहासलाई अर्को खोजी कार्यले

प्रमाण दिएर नयाँ तथ्यका साथ आफूलाई उभ्याएको छ भने त्यसलाई सम्बोधन गरिनुपर्छ । लेखिसकिएका कुरामा पुनर्विचार गरिने र आवश्यकताअनुसार पुनर्लेखन गर्ने गरिएको कुरा विश्वव्यापी अभ्यास नै हो । किनभने यसले इतिहासलेखनलाई गतिशील बनाउने काम गर्दछ ।

मैले सांस्कृतिक पर्यटन गर्दा त्रिपुरसुन्दरी मन्दिर, ललितत्रिपुरसुन्दरी गाउँपालिका वा नगरपालिका भनेर नामाकरण गरिएको सुन्न, देख्न र पढ्न पाउँदा ती शब्दप्रति आदरभावले शिर झुक्ने गरेको छ । बनारस जाँदा गङ्गाको किनारमा रहेको 'ललिताघाट' देखिएकै हो । तर सतही रूपमा मात्र हेरिएको रहेछ । हत्तपत्त कसैले पनि भेट्न नसक्ने गरी लुकाइएको तथ्य खोज्न गरिएको नरेन्द्रराज प्रसाईको जोखिमपूर्ण यात्रामा भूमाफियाको भयानक र रोचक प्रसङ्गले मलाई झस्काइरहन्छ । २०७२ साल चैत १७ गते बनारसको ललिताघाट पुगेको घटनाविवरण निकै भयावह र डरलाग्दो देखिन्छ । आफूले बनाएको रणनीतिअनुसार गजानन्द सरस्वती उर्फ गुलाब राय यादवको पञ्जाबाट ललितत्रिपुरसुन्दरीले स्थापना गरेका प्रामाणिक मूर्तिहरूको तस्बिर खिच्न प्रसाईजोडी सफल भएका छन् । खोजीले प्राप्त गरेको त्यस्ता प्रामाणिक तथ्यले ललिताघाटको हराएको अस्तित्वलाई '...ललिता घाट मित्रराष्ट्र नेपाल की सम्पत्ति है...' भनेर गरिएको पत्राचारले पुनस्थापित गरिदिएको छ । यो हुनु भनेको यो पुस्तकको परिणाममुखी प्राप्ति हो ।

'प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरी'भित्र ललितत्रिपुरसुन्दरीको सन्दर्भ मात्र रहेन । त्यस पुस्तकले संस्कृति र इतिहासको लुकेको र हराएको अर्को पाटो खोलिदिएको छ । त्यो हो 'जोरधरहरा'को प्रसङ्ग ! काठमाडौँको सुन्धारानिरको धरहरा सुरुमा एउटा होइन, दुइटा थियो, जसलाई 'जोरधरहरा' भनिन्थ्यो । भुइँचालोबाट नष्ट भएको त्यो

जोरधरहराको बारेमा कहीँ कतै उल्लेख भएको देखिँदैन । तर त्यो जोरधरहराको नमुना धनकुटाको तल्लोकोप्चे बजारमा अवस्थित टुँडिखेलको पूर्वको मुखैमा अहिले पनि अवस्थित रहेको छ । त्यसले नेपालको राणाकालीन इतिहासलाई पूर्वको माटोले भौतिक रूपमा संरक्षण गरिरहेको भन्ने मलाई लागेको छ । तर धनकुटाका दिग्गज विद्वान्हरूबाट त्यसरी ठिङ्ग उभिइरहेको जोरधरहराको प्राचीनतालाई त्यति गम्भीर भएर यसको अर्थ खोजी नगरेको अवस्था देखियो । तर धनकुटेलीहरू काठमाडौँमा घुम्न आउँदा सुन्धाराको धरहरा हेरेर 'यहाँ त एउटा मात्र धरहरा छ, हाम्रो धनकुटामा त दुईदुईओटा धरहरा छन्, भन्दै रमाइ मात्र रहे । त्यसको गहनता र तथ्यको खोजी गरी त्यसलाई अझ गौरविलो किसिमले सुरक्षित राख्न नसकेको देखियो । तर अहिलेसम्म त्यो राम्रोसँग जोगाएर भने राखेका छन् धनकुटेली जनताले । यो पुस्तकले धनकुटाको टुँडिखेलमा रहेको जोरधरहरालाई तरङ्गित गरेको छ । काठमाडौँको जोरधरहराबारेमा दिएको सङ्क्षिप्त सांस्कृतिक सूचना र जानकारीले अहिले सांस्कृतिक पुनर्जागरणमा लागिरहेको धनकुटालाई निकै ठूलो र महत्त्वपूर्ण सांस्कृतिक तथ्य प्राप्त भइरहेको छ । यही सांस्कृतिक र ऐतिहासिक तथ्यको खोजी गरी धनकुटाको पर्यटन संवर्द्धन गर्न सकिने आधार यस पुस्तकले दिएको छ । देशको गौरवका रूपमा रहने गरेका, तर हराएका र हराउन लागेका सांस्कृतिक सम्पदाको पुनस्थापना यस खोजीकार्यले दिएको सूचनाले गरिदिएको छ । अनुसन्धानबाट प्राप्त भएका सांस्कृतिक तथ्यले हराउनै लागेको सांस्कृतिक धरोहरको महत्त्वलाई पुनस्थापना गर्नका लागि बाटो देखाइदिने सामर्थ्य 'प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरी'ले बोकेको छ ।

त्यही खोज लेखनशैलीमा बगिरहेको अभिव्यक्तिले ध्यान अड्याइरहृयो । कतै औपचारिक, कतै अनौपचारिक रूपमा स्वत:स्फूर्त अगाडि बढेको लेखनबाट मेरो पाठक मन रोकिन

चाहेन । नरेन्द्रराज प्रसाईको यो खोजी कार्यले ल्याएको सुखद परिणामका कारण 'नरेन्द्रराज प्रसाईको अर्जुन दृष्टि : ललितत्रिपुरसुन्दरी' भनेर म प्रस्तुत भएँ । लुकेको तथ्य जेजसरी भए पनि बाहिर ल्याउने हुटहुटीबाट प्रभावित भएको अनुसन्धान यात्रा यो हुँदै हो । त्यसमा इन्दिरा प्रसाईको सहभागिता कम महत्त्वपूर्ण छैन । कसैले गर भनेर अह्राएको होइन... आफ्नै मनले अह्राएको... यसरी पनि त अनुसन्धान हुँदो रहेछ । यस्तो स्वतन्त्र अनुसन्धानले नै हो, यसको नयाँ प्रक्रिया र शैलीको निर्माण गर्ने ! अनि त्यसैले विकास गर्ने हो अनुसन्धानको नयाँ पद्धति र स्वरूप । यो कृति यसै परिवेशको ज्वलन्त प्रस्तुति हो ।

बाँकी पुस्तकभित्र नै लेखिएकै छ ।

**२०८० चैत २६ सोमबार, काठमाडौँ** **• प्रा.डा.सावित्री कक्षपती**

**पाहाँचह्रे (घोडेजात्रा)**

नरेन्द्रराज प्रसाईको अर्जुनदृष्टि : ललितत्रिपुरसुन्दरी

# आदिगद्यकार ललितत्रिपुरसुन्दरी

'प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरी' पुस्तक हात परेदेखि नै एउटा जिज्ञासा भनौँ वा चिन्तनले मनमस्तिष्कमा डेरा जमाउन थाल्यो । विद्यार्थी जीवनमा प्रमाणपत्र तह, अहिलेको +२, स्नातक तह वा स्नातकोत्तर तहमा नेपाली भाषासाहित्यको इतिहास र भाषासाहित्यको अध्ययन र विश्लेषण गर्दा ललितत्रिपुरसुन्दरीलाई बारम्बार पढेको हो । त्रिभुवन विश्वविद्यालयमा चौँतिस वर्षसम्मको प्राध्यापकीय जीवनमा पनि ललितत्रिपुरसुन्दरीको प्रसङ्गलाई नटेकीकन अध्यापनको कार्य अगाडि बढ्न सक्ने कुरै भएन । पठनपाठनका बेलामा समयमै पाठ सिध्याएर विद्यार्थीलाई परीक्षाको सुरक्षित गन्तव्यमा पुऱ्याउनुपर्ने जिम्मेवारीलाई इमानदारिपूर्वक निर्वाह गर्ने सन्दर्भमा पाठ्यक्रमले निर्धारित गरेको मार्गरेखालाई पछ्याउनुपर्दा उनका बारेमा विस्तृत चर्चापरिचर्चा हुन नसकेकै हो । विद्वतविमर्शमा त्यत्ति रुचि नराख्ने र यस्ता विषयलाई प्राध्यापक, अन्वेषक र विद्यार्थीका बीचमा लगेर छलफल गराउने चिन्तनको विकास न त्यो कलेज र विश्वविद्यालयको तहमा हुन सक्यो, न त्यो स्कुलमा त झन् हुने कुरै भएन । देशका भोलिका भविष्यलाई सिर्जनशील, क्षमतावान् बनाउने पाठ्यक्रम नै कहाँ निर्माण भएको छ र यो आस गर्नु ! मैले स्कुल किन जोडेको भने स्कुलका विद्यार्थी पनि अनुसन्धानका लागि स्रोतव्यक्ति बन्ने सम्भावना त्यत्तिकै प्रबल हुन्छ भन्ने मेरो मान्यता रहेको छ । तर त्यसो भएन ।

आजसम्म पनि ललितत्रिपुरसुन्दरीका बारेमा खालि चञ्चुप्रवेश मात्र गरेर भाषासाहित्यको इतिहासलाई अगाडि बढाउने प्रचलन कायमै रहेको छ । यो अवस्थामा ललितत्रिपुरसुन्दरीको जीवनी कृतिको आवरणमा दिइएको चित्रले नरेन्द्रराज प्रसाईद्वारा लेखिएको 'प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरी' हातमा पर्दा यो पाठक निकै रोमाञ्चित भएको थियो । त्यो रोमाञ्च क्षणिक रहेन । त्यसले दिनदिनैजसो मनमस्तिष्क तरङ्गित गरिरह्यो । पुस्तक स्पर्श गरेदेखि नै एउटा कुराले भने चिमोटिरह्यो– महिला लेखनलाई सुरुवाती दिनदेखि नै विवादित बनाइन्छ किन ? उनको सिर्जनाको इतिहासलाई गुमनामकै अवस्थामा राखेर मेटाउन खोजिन्छ किन ? त्यही कुराले अन्वेषक प्रसाईलाई पनि चिमोटेको हुनुपर्छ । नत्र त्यसरी मेहनत गरेर उनीद्वारा ललितत्रिपुरसुन्दरी नै पहिलो नारीस्रष्टा हो भनेर प्रमाणसहित लेखिएको १०३ पृष्ठले भरिएको त्यो पुस्तक नेपाली भाषासाहित्यको भण्डारमा सगर्व कसरी प्रस्तुत हुन सक्थ्यो ! त्यही संवेदनाले भरिन पुगेको मेरो जिज्ञासाले पुस्तकभित्र प्रवेश गर्नका लागि निर्देशन दिइरह्यो, दिइरह्यो । त्यो निर्देशनलाई शिरोपर गर्दै ललितत्रिपुरसुन्दरीसम्बन्धी रचनाभित्रका तथ्य विस्तारमा कुतूहलतापूर्वक पढ्न र बुझ्न तत्पर भएँ र पठनयात्रालाई निरन्तरता दिएँ । त्यही पठनयात्राबाट निस्किएका तथ्यलाई मैले आफैँले निर्माण गरेको पठनविश्लेषणको शैलीमा टेकेर पुस्तकको गम्भीर पठन गर्ने मेरो पठनयात्राको मार्गरेखा कोरियो । त्यसले गरिरहेको प्रामाणिक र ऐतिहासिक सूचनाको प्रवाहले स्थापित ललितत्रिपुरसुन्दरीको व्यक्तित्वलाई जे देखेँ, त्यसैलाई पस्कने जमर्को गरेकी छु । पुस्तक विश्लेषणले कहिलेकाहीँ वस्तुपरक शैलीलाई नाघेर आत्मपरक शैलीमा प्रवेश गर्न खोजेको अवस्थालाई जस्ताको तस्तै पस्केकी छु । लाग्यो, यो विश्वविद्यालयको कुनै अनुसन्धानपत्र वा कार्यपत्र होइन । मेरो पठनअनुभूतिको

अभिव्यञ्जनाले जुन बाटो लिन खोज्यो, त्यसैलाई स्थापित गरेकी हुँ । पठनका क्रममा म लेखक नरेन्द्रराज प्रसाईसँग नजिकै बसेर उनले लेखेको पुस्तकमाथि चिया खाँदै टेबुलगफ गरिरहेका छौँ– कुनै देखावटी हैन, नितान्त अर्ग्यानिक छलफल हो ।

१८८१ सालमा अनुवाद गरिएको १९३० सालमा लिपिकार भुवानन्दले सुन्दर अक्षरमा लिपिबद्ध गरी २०१९ सालमा जगदम्बा प्रकाशनबाट छापिएको पुस्तक 'राजधर्म'को लेखकका बारेमा आजको मितिसम्म पनि विवाद किन भइरहेको छ ! जिज्ञासा नमीठोसँग पलाइरह्यो । त्यही जिज्ञासामा टेकेर पठनलाई अगाडि बढाएँ ।

एउटा प्राक्कल्पना निर्माण भयो– बालविवाह, विधवाविवाह र बहुविवाहका नायक नेपाली जनताले एउटा कालखण्डमा पाएका हठी शासक, राजा रणबहादुर शाह ! असल राजधर्म ननिभाइएका कारणमध्ये केटीको सुन्दरता भनेपछि हुरुक्किने, आफूलाई मन परेपछि जसरी भए पनि ती केटीलाई पत्नी बनाउनैपर्ने उनको कुलत पनि एउटा हुनुपर्ने दखियो । केही दुईचार महिलाले त शाही राजपरिवारको अनुष्ठानअनुसार आधिकारिक रूपमा बिहे गरी उनका महारानी बन्ने सौभाग्य पाए । तर असङ्ख्य नाबालिका र किशोरीहरू उनका अघोषित पत्नी वा दासी बनिरहे । आफ्नो जिम्मेवारीमा रहेको राजधर्मलाई कुशलतापूर्वक निभाउनुको साटो प्रायजसो जनताका छोरीचेलीलाई लिलामीमा राखिएको वस्तुजस्तै ठानी तिनलाई कसरी सहजै प्राप्त गर्न सकिन्छ भनेर सोचिरहेको अवस्था टड्कारो रूपमा देखिइरहेको थियो । ती छोरीचेलीका सुन्दरता पान गर्नका लागि सधैँसधैँ तत्पर रहने कामुक राजाको तथाकथित अभिभावकत्व पाएका थिए त्यति बेला नेपाली जनताले । उनीहरूको चाहना नहुँदानहुँदै पनि पत्नी बनाउन लालायित राजाको जबरजस्तीको अमानवीय व्यवहारले आजित तत्कालीन जनता निरीह बन्दै गएका थिए । राजाको त्यस्तो व्यवहारबाट जनता त आजित थिए नै । तर

उनको त्यस्तो लहडी चरित्रले उनलाई राज्यसञ्चालनमा क्षमताहीन बनाउँदै लगिरहेको थियो, जसले गर्दा राणाको हातमा नेपालको राज्यव्यवस्था सजिलै जानका लागि अनुकूल वातावरण बन्दै गएको कुरामाथि इतिहास बोलिरहेको छ । देशले 'जनताको रक्षा गर्दै देशलाई सुनिश्चित निकास दिएर राज्य गर्नू' भनेर दिएको अवसरलाई उनले कस्तो र कुन दिशातिर पुऱ्यायो भन्ने कुरालाई नजिकबाट देखेर र भोगेर उनकी कान्छी महारानी ललितत्रिपुरसुन्दरी आजित भएको कुरा प्रस्ट देखिन्छ । उनलाई लागेको हुनुपर्छ– 'देश र जनताका रक्षक, राज्यसञ्चालन गर्ने राजा र उनको राजधर्मको तादात्म्यता पटक्कै रहेको छैन ।' जेजसरी भए पनि राज्यसञ्चालन गर्नुपर्ने जिम्मेवारी आफ्नो काँधमा आएपछि त्यही अनुभूतिले उनको 'केही गर्नुपर्छ' भन्ने चिन्तन बिस्तारै अनुप्राणित भएको हुनुपर्छ । सुचारु रूपले नहिँडिरहेको शासनको त्यही पृष्ठभूमिका राजमाता ललितत्रिपुरसुन्दरीको चैतन्यले अरू होइन 'राजधर्म' नै लेख्न प्रेरित गरेको हुनुपर्ने कुरा छर्लङ्गै देखिन गएको छ ।

रणबहादुर शाहलगायत धेरै राजाका धेरै रानीहरू भए । तर रानी ललितत्रिपुरसुन्दरीको चैतन्य खुल्यो । उनी जड्भवितामा रहिनन् । सधैँ आफ्नो चिद्भविताको प्रवाहलाई निकास दिने उनी अरूभन्दा भिन्न भइन् । समय र परिस्थितिसँग कहिले जुध्दै, कहिले हातेमालो गर्दै आफूले पाएको नायबीलाई सकेसम्म सुरक्षित गन्तव्यमा पुऱ्याउने कार्यमा दत्तचित्त भएर लागिरहिन् । राजा वा पतिको हत्या भएपछि नाबालक गीर्वाणयुद्धविक्रम शाहलाई काखमा लिएर राज्यसञ्चालन गर्ने जिम्मेवारी आइपरेपछिको अवस्थामा आफूले राज्यसञ्चालनमा देखेका तिक्त अनुभवको अभिव्यक्ति वा निकासस्वरूप 'राज्य कसरी चलाउनुपर्छ' भनेर अनुवाद गरिएको पुस्तक हो 'राजधर्म' । १८८० सालमा नै 'राजधर्म' अनुवाद गरिसकेपछि धेरै कालखण्डसम्म पनि हस्तलिखितको अवस्थामै रहेको पुस्तकमा पहिले नै नाम नलेखिएको

हुन सक्छ वा लेखिएको नाम मेटाइएको हुन सक्ने सम्भावना प्रबल रूपमा देखिएको छ । 'ती महारानी को हो ? राजा वा शासकलाई 'राजधर्म' सिकाउने भनेर पनि पुस्तक समयमै प्रकाशनमा नल्याएको हुन सक्छ । 'राजधर्म' पुस्तकभित्रको कुरालाई नै नमान्ने अवस्था सिर्जना भएको तत्कालीन समयमा उनीपछिका शासकले प्रतिद्वन्द्वीजस्तै मानिएका लेखकलाई प्रकाशमा नल्याएको हुन सक्ने पनि त्यत्तिकै बलियो सम्भावना देखिन्छ । निकै समयपछि सुन्दर अक्षरमा लिपिबद्ध गरिएको पुस्तक २०१९ सालमा आएर मात्र जगदम्बा प्रकाशनले छापेको देखिन्छ । पुस्तक छापिएको करिब आधा शताब्दीपछि यसमाथिको बहस अहिले घनीभूत रूपमा अगाडि बढेको देखिन्छ ।

परिस्थितिगत विश्लेषणको मापदण्डमा ललितत्रिपुरसुन्दरीको जीवनभोगाइमा तिनै सांस्कृतिक जीवनको पटाक्षेप कसरी भएको छ हेर्ने जिज्ञासा रह्यो । त्यही जिज्ञासालाई केन्द्रमा राखेर मेरो अध्ययनलाई अगाडि बढाएँ । अध्ययनका क्रममा अन्वेषक प्रसाईसँग समानान्तर रूपमा सहयात्रा गरेकी छु । त्यो यात्रामा कतै उपदेशक हुन्छु कि भन्ने कुरामा सचेत रहँदै लेखकसँग परिपूरक र समानान्तर भूमिका निभाएकी छु । पुस्तकभित्र अभिव्यक्त भएका र त्यसले गरेको स्थापनाले कस्तो किसिमको सांस्कृतिक अभिव्यञ्जना प्रवाहित गरेको छ, त्यसलाई सन्दर्भपरक परिवेशमा यहाँ विश्लेषण गर्नु मेरो आफ्नो रुचिको विषय हो ।

# पुस्तक संरचनामा
# प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरी

'प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरी'का लेखक नरेन्द्रराज प्रसाई हुन् । ललितत्रिपुरसुन्दरीमाथि गरिएको अनुसन्धानबाट प्राप्त तथ्य र सूचनालाई (सन्दर्भस्रोतसहित) १०५ पृष्ठसम्मको स्थान दिएर डिमाई साइजको पुस्तक छापिएको छ । यो पुस्तकको प्रकाशन नइ प्रकाशनबाट भएको छ । २०५२ साल माघ २५ गते स्थापना भएको नइ प्रकाशनले यस पुस्तकलाई पहिलो संस्करणका रूपमा २०६४ सालमा प्रकाशनमा ल्याएको थियो । पहिलो संस्करणमा नभएको सामग्री उनले अनुवाद गरेको 'राजधर्म'समेत राखेर पुस्तकलाई त्यही नाम 'प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरी' नै राखेर कोष्ठभित्र 'ललितत्रिपुरसुन्दरीकृत राजधर्ममा समाहित' भनेर २०६४ सालमै दोस्रो प्रकाशनमा ल्याएको थियो । २०७८ सालमा त्यसैको परिमार्जित स्वरूपमा 'नइ कृतिमाला : ५६' भनेर नइ प्रकाशनबाटै उक्त पुस्तक तेस्रो पटक प्रकाशित भएको छ । त्यही तेस्रो संस्करणलाई आधार मानेर यो प्रथम गद्यलेखक वा 'आदिगद्यकार ललितत्रिपुरसुन्दरी' लेख अगाडि बढेको छ ।

विषयलाई स्थापित गर्ने सन्दर्भमा पृ.११ देखि पृ.१८ सम्म गोविन्द भट्टले २०६४ वैशाख २८ गते लेखकलाई लेखेको चिठीको पूर्ण पाठलाई भूमिकाको स्थानमा राखेका छन् । लेखक प्रसाईबाट 'ललितत्रिपुरसुन्दरी' भनेर लेखिएको प्रबन्ध मदन पुरस्कार गुठीबाट

प्रकाशित 'नेपाली' त्रैमासिक (२०६३, कात्तिक, मङ्सिर र पुस) को अङ्क १८९ मा छापिएको थियो । त्यही रचनामाथिको आफ्नो प्रतिक्रिया वा टिप्पणीस्वरूप त्यो चिठी भट्टबाट प्रसाईलाई लेखिएको थियो (पृ.११) । उक्त भूमिकाभित्र रहेको विद्वान् भट्टको ललितत्रिपुरसुन्दरीमाथिको टिप्पणी पुस्तकभित्र त्यत्तिकै महत्त्वपूर्ण स्थान लिएर बसेको देखिन्छ ।

यसपछिको लेखकीय खण्ड (पृ.१९ देखि पृ.२७ सम्म)मा लेखकले गरेका अनुसन्धानको पृष्ठभूमि दिँदै आफूले गरेको अनसन्धानको उद्धेश्य र औचित्य खुलेको छ । त्यसका साथै अनुसन्धानका क्रममा गरिएका स्थलगत अध्ययन र इतिहाससँग सम्बन्धित स्रोत व्यक्तिहरूसँग गरिएका छलफल आदिका नालीबेलीलाई सूक्ष्म रूपमा केलाएर राखिएको छ । त्यसमा ललितत्रिपुरसुन्दरीलाई प्रथम नारीस्रष्टाका रूपमा स्थापित गर्नका लागि उनले गरेका मेहनत र उनले उठाउनुपरेको जोखिमीलाई अभिव्यक्ति दिइएको छ ।

त्यसपछि निर्बाध रूपमा ललितत्रिपुरसुन्दरीमाथि केन्द्रित भई उनको जीवनको झलक, उनको लेखनयात्रा, भाषाशैली, राजधर्मको विवाद साम्य, प्राज्ञिक मत, राजकाज, समाजसेवा र काशीमा कीर्तिस्तम्भ गरी आठ खण्डमा विषयलाई प्रवेश गराइएर निकास दिइएको छ (पृ.३१–१०३) । त्यसपछि सन्दर्भस्रोत र लेखक परिचयलाई स्थान दिएर पुस्तकको बिट मारिएको छ ।

ललितत्रिपुरसुन्दरीको कुनै पनि फोटो वा चित्र नभएको अवस्थामा लेखक प्रसाईले खोजअनुसन्धान गरी आफ्नै परिकल्पना र उनकै निर्देशनमा चित्रकार इन्द्र खत्रीद्वारा बनाइएको आकर्षक चित्रलाई पुस्तकको आवरण चित्रका रूपमा स्थान दिइएको छ । पुस्तकको पछाडिको आवरणमा वाङ्मय शताब्दी पुरुष डा.सत्यमोहन जोशी र कवि ईश्वरवल्लभले लेखकका बारेमा र ललितत्रिपुरसुन्दरीका बारेमा दिएको अभिव्यक्ति प्रसङ्गले पुस्तकको ओज बढाएको देखिन्छ ।

पुस्तक अवलोकन गर्दा नेपाली साहित्यमा स्थापित भएको जीवनीलेखनको शृङ्खलामा यो पुस्तकले अर्को शृङ्खला बनाउँदै निकै महत्त्वपूर्ण दस्ताबेजको हैसियत लिएर स्थापित भएको छ । यो पुस्तक कुनै विश्वविद्यालय वा त्यसअन्तर्गतको अध्ययन वा अनुसन्धान होइन । यो नेपाली वाङ्मय र साहित्यको खोजअनुसन्धानको क्षेत्रमा खोजअनुसन्धानलाई मौलिकता दिइएको पुस्तक हो । जिम्मेवारीपूर्वक विद्वतापूर्ण ढङ्गले अनुसन्धानको मार्गरेखा कोरेर त्यसैको दिशानिर्देशमा यो अध्ययनले यात्रा गरेको देखिन्छ । पुस्तकको यो संरचनाले ललितत्रिपुरसुन्दरीको दुईओटा व्यक्तित्वलाई स्पष्ट देखाइदिएको छ– एउटा सांस्कृतिक व्यक्तित्व र अर्को साहित्यिक व्यक्तित्व । उनको तिनै दुई व्यक्तित्वलाई मूल मियो बनाएर यो लेखनलाई अगाडि बढाइएको छ ।

## २.१. ललितत्रिपुरसुन्दरीको सांस्कृतिक व्यक्तित्व

मानिसले भोग्नुपरेको जीवन दुई धारबाट अगाडि बढेको हुन्छ । परापूर्वकालदेखि नै मानिसको पारिवारिक र सामाजिक जीवनभोगाइमा गरिँदै आएको व्यवहारलाई उनका सामूहिक अवचेतन मनबाट निर्देशित चिन्तनले प्रभावित गरिरहेको हुन्छ । मानिसको जीवनभोगाइका विभिन्न मोडहरूमा त्यसरी गरिने व्यवहार भोक्तालाई कहिले अनुकूल भएर आइदिने गर्दछ भने कहिले नितान्त प्रतिकूल स्थिति हात लाग्ने गर्दछ । जीवनभोगाइलाई अनुकूल पारिदिने स्थितिले मानिसलाई सहज गति दिएर अगाडि बढाइरहेको हुन्छ । सकारात्मक प्रवाहका साथ गरिएको त्यस्तो व्यवहारबाट सांस्कृतिक जीवनलाई अग्रगामी चिन्तनको धारमा रूपान्तरित गर्ने गर्दछ, जसले सभ्यता र संस्कृतिलाई सकुशल अगाडि बढाउने गर्दछ । त्यस्तो सोचको चिन्तन र व्यवहारले अग्रगामी चिन्तनको संस्कृतिलाई स्थापित गरेको हुन्छ ।

मानिसमानिसबीच विभेद गर्दै सङ्कुचित मनोभाव र हैकिमी प्रवृत्तिबाट सञ्चालित व्यवहारले मानिसको जीवनयात्रामा प्रतिकूल

स्थिति सिर्जना गरिदिन्छ र उसलाई पीडित बनाइदिन्छ । त्यो सोचको चिन्तन र व्यवहारले सांस्कृतिक जीवनलाई पछाडि धकेल्दै पश्चगामी चिन्तनको सांस्कृतिक धारलाई स्थापित गरिदिएको हुन्छ । नितान्त मानिसको परिचय लिएर जन्मेका मानिसमाथि मानिसबाट नै हुने र गरिने त्यस्ता विभेदपूर्ण व्यवहार नै मानिसलाई पुरुष र महिला भनेर विभाजित गरिने प्रस्थान बिन्दु बन्ने गरेको छ । त्यो बिन्दुबाट निर्माण भएको रेखाचित्रबाट पुरुषलाई जहिले पनि अनुकूल स्थिति हात पर्ने गरेको छ भने महिलालाई जहिले पनि प्रतिकूल । त्यसले गर्दा सगौरवमयी सन्तान बनेर जन्मेकी आफ्नै छोरीलाई आफूले जन्म दिएका आमाबाबुबाट र आफू जन्मेको घरभित्रैबाट बिस्तारैबिस्तारै दोस्रो दर्जाको सन्तान भनेर परिचित गराइन्छ । अनि विभिन्न सांस्कृतिक अनुष्ठानको अपव्याख्या गर्ने गरिएको छ । धर्मशास्त्र वा शास्त्रले शाश्वत रूपमा गरिएको मानवीय व्याख्या र त्यसले स्थापित गरेको व्यवस्थालाई आफ्नो सोचअनुकूलको भाष्यनिर्माण गरिँदै अर्काको घरमा जाने जातका रूपमा क्रमश: छोरीको हैसियतलाई परिणत गराइँदै आइरहेको स्थिति छ । त्यस भाष्यलाई व्यवहारमा उतार्ने क्रममा सबभन्दा पहिला छोरीलाई जन्म दिने आमाबुवा र त्यसपछि घरपरिवार अग्रस्थानमा देखिने गरेको छ । सांस्कृतिक व्यवहार वा चलन अथवा पुर्खादेखि चलेर आएको रीत भन्दै त्यही भाष्यअनुसारको व्यवहारमा सबैसबै उत्रिने गरेको छ । आफ्ना अग्रज जिजु हजुरआमा, आमा, फुपू, दिदीहरूमाथि भएर आइरहेको त्यही भाष्य अर्थिने व्यवहारलाई सुनेर वा देखेर आफूमाथि उत्रिएको व्यवहारलाई 'यस्तै' रहेछ भन्दै आफूलाई परिभाषित गरिएको हैसियतमा छोरीको स्थान निर्माण हुँदै गएको छ । आफू जन्मेको घरमा आफूलाई जन्म दिने आफ्नै आमाबाबुबाट उसलाई दोस्रो दर्जामा लगेर परिवारमा स्थापित गरिदिन्छ । अब शाश्वत अधिकारका साथ जन्मेको जन्मघरमा उनको आधिकारिक स्थान नहुने स्थिति बिस्तारै सिर्जना

हुँदै जान्छ । 'अर्काको घरमा जाने जात' भन्दै उनलाई दिँदै आइरहेको व्यावहारिक शिक्षाले गर्दा उनी अर्काको घरमा जानका लागि मानसिक रूपमा पूर्णत: तयार भएर बसिदिन्छिन् । त्यो तयारीले उनी सजिलै वा सहजताका साथ (कष्ट त किन हुँदैनथ्यो र !) आफू जन्मेको घरको सङ्घार नाघिदिन्छिन् । आफ्नै परिवार भनिएकाबाट हत्केलाको आगोजस्तै बनाइएका त्यही छोरीको प्रतिनिधि पात्र हो ललितत्रिपुरसुन्दरी र अन्य रानीमहारानीहरू । त्यस्तो व्यवहारले समाजमा पश्चगामी धारको सांस्कृतिक चिन्तनलाई स्थापित गरिदिएको हुन्छ ।

नेपाली समाजमा आजसम्म पनि गाँजिएर बसेको त्यो प्रवृत्तिको सांस्कृतिक र ऐतिहासिक प्रामाणिक डिस्कोर्सलाई ललितत्रिपुरसुन्दरीमाथि गर्दै आइरहेको व्यवहारले पुष्टि गरेको छ । आजका नेपाली छोरीचेलीका अग्रज प्रतिनिधि पात्र ललितत्रिपुरसुन्दरी कसरी बच्न सक्थिन् र परिवार र समाजबाट निर्माण गरिएको भाष्यबाट अछुत रहन ! आजभन्दा दुई सय वर्षअगाडिको महिला ललितत्रिपुरसुन्दरी पनि मानवीय जीवनप्रवाहलाई प्रतिकूल परिस्थिति सिर्जना गरिदिने त्यही पश्चगामी चिन्तनबाट गरिएको व्यवहारबाट प्रत्यक्ष रूपमा प्रभावित भइरहिन् । आजसम्म पनि उनले भोग्नुपरिरहेको विदीर्ण दृश्यलाई यो पुस्तकले देखाइदिएको छ । त्यसैले उनको व्यक्तित्वलाई यहाँ उनले भोगेको त्यही अग्रगामी चिन्तनको सांस्कृतिक जीवन र पश्चगामी चिन्तनको जीवनको मानकबाट यसरी हेरिएको छ–

### २.१.१. अग्रगामी चिन्तनको सांस्कृतिक जीवनमानकमा ललितत्रिपुरसुन्दरी

अग्रगामी सोचमा प्रवाहित सांस्कृतिक व्यवहारले सांस्कृतिक पुनर्निर्माणको काम गरेको हुन्छ । त्यसले व्यक्तिलाई आआफ्नो क्षमता प्रदर्शन गर्ने अवसर प्रदान गरेको हुन्छ । त्यही स्थितिमा ललितत्रिपुरसुन्दरी उभिएकी छिन् । विवाह गरेको चौध महिनामै

पति रणबहादुर शाहको हत्या गरिएपछि आफूमा आइपरेको जिम्मेवारी निभाउने सन्दर्भमा उनले आफ्नो क्षमता सफलतापूर्वक प्रदर्शन गरेकी छिन् । यदि अवसर दिइयो भने रानी वा महिलाले पनि राजा वा पुरुषले जस्तै देशको राज्यसञ्चालन गर्ने क्षमता राख्दछन् । उनलाई काम गर्ने वा क्षमता प्रदर्शन गर्ने कुनै पनि अवसरबाट सांस्कृतिक रूपमा वञ्चित गरिएन भने उनले पुरुषसरह सजगताका साथ जिम्मेवारी निभाउन सक्दछिन् भन्ने कुरालाई उनले पच्चिस वर्षको नायबी कालमा कुशलताका साथ सगर्व प्रमाणित गर्ने मौका पाएकी छिन् । त्यही प्रमाणबाट 'नारीले अवसर पायो भने सजगतापूर्वक आफ्नो जिम्मेवारी निभाउन सक्षम छिन्' भन्ने सन्देश प्रवाह भएको छ । त्यस अर्थमा राज्यसञ्चालनमा उनले लिएको दूरदर्शी नेतृत्वले समाज र देशमा अग्रगामी चिन्तनको सांस्कृतिक सूचना प्रवाहित हुन पुगेको देखिन्छ । त्यो यात्रामा उनका केही व्यक्तित्व स्पष्ट रूपमा यसरी देखिएको छ–

**क. देशभक्त दूरदर्शी राजमाताको व्यक्तित्व**

रजस्वला हुनुअघि नै बाह्र वर्ष पुगेर तेह्र वर्ष लाग्दै गर्दाको सानो उमेरमा सुन्दरीमोह भएका आफूभन्दा अठार वर्षले जेठो रणबहादुर शाहसँग ललितत्रिपुरसुन्दरी (त्यति बेला यही नाम थियो होला त ? जिज्ञासा मेटिएको छैन) लाई राजकीय शैलीमा विवाह गरिदिने कार्यमा भीमसेन थापाको अहम् भूमिका रहेको मानिन्छ । अरू रानीहरू जिउँदै रहेको अवस्थामा पनि श्री ५ रणबहादुरलाई उनीसँग विवाह गराइदिएर उनले आफ्नो राज्यशक्ति बचाउने योजना बनाएका थिए । आफू प्रभावशाली बनेर राज्यसत्तामा आफ्नो शक्ति स्थापित गर्ने महत्त्वाकाङ्क्षी उद्धेश्यलाई निकास दिनका लागि रोपिएको बीउ थियो त्यो विवाह (पृ.८४) । त्यो विवाह गराइनुको भित्री कारण त्यस्तो कुटिल राजनीतिक उद्धेश्य रहे तापनि ललितत्रिपुरसुन्दरीलाई भने राज्यसञ्चालनको नेतृत्व लिने र आफूमा राज्यसञ्चालनको कुशल क्षमता रहेको भन्ने कुरा

पुष्टि गर्ने अवसर हात लाग्न पुगेको देखिन्छ । आफूमाथि अप्रत्याशित रूपमा आइपरेको जिम्मेवारीलाई उनले सकुशल निभाइएको व्यवहारबाट उनी सबै जनताका राजमाता बन्ने हैसियतमा पुगेकी छिन् ।

रणबहादुर शाहको हत्यापछि अविवाहित रखौटी वा भित्रिनीको भूमिकामा रहेका चौध जना केटी लिएर पहिलो पत्नी राजराजेश्वरी पतिको सती गएकी थिइन् । तर भीमसेन थापाले गर्दा रणबहादुरकी कान्छी वा पाचौँ पत्नी ललितत्रिपुरसुन्दरी भने लोग्नेको सती जानु परेन । पतिको नाममा सती जान नपरेको स्थिति पनि उनका लागि अनुकूल भइदिएको छ । पतिको सती जान नपरेर जीवनदान पाएका वा जिउँदै रहने सौभाग्य पाएकी उनी राजाको पत्नी रानीका रूपमा मात्र सीमित भइनन् । उनले छोरानातिको नायबी भएर अढाई दशक नेपाल अधिराज्यको राजकाज गरेकी थिइन् (पृ.३७) । पतिको मृत्युपछि आफूलाई जिउँदै जलाएर उनका नाममा सती जान नपरेको स्थिति अग्रगामी चिन्तनको सांस्कृतिक व्यवहार थियो ।

विवाहको चौध महिनामै पति रणबहादुर शाहको हत्या भएपछि वैधव्य एकल जीवन बिताएकी वा बिताउने सौभाग्य पाएकी (किनभने जिउँदै चितामा पोलिनु परेन) उनले श्री ५ महारानी ललितत्रिपुरसुन्दरीराज्यलक्ष्मीदेवी शाह भई छोरा श्री ५ गीर्वाण र नाति श्री ५ राजेन्द्रकी नायबी भएर नेपाल अधिराज्यको शासन चलाएकी थिइन् (पृ.४२) । उनको त्यो पच्चिस वर्ष लामो नायबी शासनकालमा उनले गरेका काम र गतिविधिहरूले नेपालको सर्वोच्च शासकका रूपमा उनलाई स्थापित गरिदिएको छ ।

उनमा कुनै राज्यसञ्चालन गर्ने वा शक्ति प्राप्त गर्ने दाउपेचको सङ्कीर्ण सोच त छँदै थिएन । समय परिस्थितिले राज्यसञ्चालन गर्नुपर्ने बाध्यता अथवा जिम्मेवारी उनमा आएको थियो । जीवन

बाँच्नका लागि समय अनुकूल थिएन, प्रतिकूल नै थियो । तर आफूमा अप्रत्याशित रूपमा आएको जिम्मेवारीले उनलाई एक प्रकारको राजनीतिक अवसर नै प्राप्त भएको हो, जहाँ उनले आफ्नो क्षमतालाई निर्भीक रूपमा प्रदर्शन गरिन् । राज्यसञ्चालनमा उनले देखाएको मानवीय संवेदनासहितको प्रशासकीय व्यवहारले उनलाई देशभक्त, दूरदर्शी राजमाताको व्यक्तित्वमा स्थापित गरिदिएको छ (पृ.३६) । त्यसरी भीमसेन थापाले आफ्नो अत्यन्त महत्त्वाकाङ्क्षी राजनीतिक स्वार्थबाट प्रेरित भएर ललितत्रिपुरसुन्दरीलाई रणबहादुरको पाँचौँ पत्नीको रूपमा राजकीय शैलीमा विवाह गराइनु पनि उनका लागि पछि आएर अनुकूल भइदिएको छ ।

**ख. सामाजिक व्यक्तित्व**

नेपाली वाङ्मयमा सुन्दरानन्द बाँडाको 'त्रिरत्न सौन्दर्य गाथा'लाई महत्त्वपूर्ण दस्तावेजका रूपमा लिने गरिन्छ, जुन दस्तावेजभित्र ललितत्रिपुरसुन्दरी पनि समेटिएको छ । उनीसँग सम्बन्धित विभिन्न प्रसङ्गहरू त्यहाँभित्रका वर्णनमा पटकपटक आएका छन् । ती वर्णनले उनको सामाजिक व्यक्तित्वलाई पुष्टि गरेको छ । उनैबाट १८७४ सालमा सुरु गरी १८७७ सालमा निर्माण सम्पन्न गरी स्थापना गरिएको त्रिपुरेश्वरस्थिति महादेवमन्दिरको प्राङ्गणअगाडि ठडचाइएको उनको सालिकमा लेखिएका अभिलेखले पनि त्यसैलाई प्रमाणित गरेको छ । मन्दिर स्थापना मात्र होइन, त्यसको सुन्दरतालाई बचाएर राख्नका लागि उनले निकै दूरदर्शीपूर्ण कार्य गरेको देखिन्छ । त्यस्तै काठमाडौँको थापाथली र पाटनको कुपण्डोललाई जोड्ने पुल निर्माणको प्रसङ्गमा पनि उनी प्रत्यक्ष रूपमा जोडिएर आएकी छिन् । त्यही पुलनिर भएको वाणिविलास पाण्डेबाट लेखिएको 'बागमती पुलस्तम्भ' अभिलेखले पनि उनीसँग जोडिएका ऐतिहासिक तथ्यलाई पुष्टि गरिरहेका छन् । अध्ययन र पठनकार्यको गम्भीरतालाई अत्यन्त नजिकबाट बुझेकी उनले पुस्तकालय पनि निर्माण गरेकी थिइन् । पछि त्यो पुस्तकालय राष्ट्रिय अभिलेखालयमा

रूपान्तरित भएको देखिन्छ (पृ.४२) । स्वाभाविक मृत्यु नभएर हत्या गरेर मारिएका पतिको मोक्षका लागि भनेर अगाडि बढेको उनको यात्रा कालान्तरमा गएर जनताका लागि गरिएको सेवाकार्य बन्न पुगेको देखिन्छ ।

राज्यसञ्चालन गर्ने जिम्मा पाएपछि गतिशील बनेको उनको सामाजिक जीवनमा उनले धरहरा र सुन्धारा बनाउन लगाएको कार्य पनि त्यत्तिकै महत्त्वपूर्ण देखिन्छ । त्यति बेलाको समयमा पनि उनी उपत्यकाभित्र मात्र सीमित रहिनन् । उनी उपत्यकाको भन्ज्याङ नाघेर पाल्पामा पुगी रिडीघाटमा सत्येश्वर महादेवको मन्दिर बनाउन लगाएको प्रसङ्ग पनि त्यत्तिकै उल्लेखनीय मानिन्छ (पृ.९४) । उपत्यकाबाहिर मात्र होइन, देशैबाहिर भारतको बनारसमा गरिएको मन्दिर र घाट निर्माणबाट उनको वृहत्तम सोचको उदाहरण स्पष्ट देखिएको छ । ती कुराका पुष्टिका लागि ती मठमन्दिरको मूर्तिले समेटेको लोकविश्वास र त्यसबाट प्रभावित सांस्कृतिक व्यवहार जीवन्त बनेका छन् । हत्या गरिएका पतिको मोक्षका लागि अर्जुनदृष्टि लिएर धार्मिक र सामाजिक कार्यमा जुट्दै गर्दा सधैँ धर्मकर्ममा विश्वास गर्ने गरिबगुरुवा, दु:खी र टुहुरामाथि दया राख्ने कार्यबाट उनको सामाजिक व्यक्तित्व निर्माण हुन पुगेको देखिन्छ (पृ.८५) । त्यसरी ललितत्रिपुरसुन्दरी रानीले पच्चिस वर्षको लामो अवधिसम्म नायबीका रूपमा नेपाल अधिराज्यको शासन गर्दा उनको सामाजिक चिन्तन र त्यसअनुसारको कार्यले उनलाई सामाजिक व्यक्तितत्वका रूपमा स्थापित गरिदिएको छ । उनले २५ वर्षजति देशभक्त राजमाता, धर्मपरायण, समाजसेवी भएर समर्पित रूपमा राष्ट्रसेवा गरेको देखिन्छ । जनकल्याणको काममा संलग्न रहँदारहँदै १८५० सालमा जन्मेकी ललितत्रिपुरसुन्दरी १८८८ सालमा शीतलामाई वा बिफरको महामारीको सिकार हुनुपरेको थियो ।

### २.१.२ पश्चगामी चिन्तनको सांस्कृतिक जीवनमानकमा ललितत्रिपुरसुन्दरी

परापूर्व कालदेखि आजसम्म पनि प्राय: पश्चगामी चिन्तनको निर्देशनमा चलेर आएको व्यवहारबाट महिलाको सांस्कृतिक जीवनभोगाइ प्रभावित भइरहेको छ । 'भार्या रूपवती शत्रु', नारीको सुन्दरता उनको शत्रु हो भन्ने कुराको पुष्टि ललितत्रिपुरसुन्दरीको जीवनभोगाइमा पटकपटक भएका छन् । बागमती पुलस्तम्भ अभिलेखमा वाणिविलास पाण्डेले ललितत्रिपुरसुन्दरीको सुन्दरताको खुलेर वर्णन गरेका छन् (पृ.३५) । ऐतिहासिक तथ्य र घटनाको अभिलेखीकरण गरिने महत्त्व बोकेको पुलस्तम्भमा उनको सुन्दरताको वर्णनको अभिलेख आवश्यक थियो कि थिएन, स्तम्भ आफैँ आजसम्म पनि बोलिरहेको छ । त्यही सुन्दरताका कारणले श्री ३ जुद्धशमशेरले उनको भव्य सालिक राष्ट्रिय सङ्ग्रहालय (म्युजियम)मा राख्न लगाएको कुरा बुझिएको छ । त्यसै धारणालाई निरन्तरता दिँदै दुई सय वर्षपछि मदनमणि दीक्षितले पनि उनको सुन्दरतालाई अद्वितीय मानिएको भनाइ लेखेका छन् । उनको त्यो सुन्दरता नै उनको बालविवाहको कारकीय तत्त्व बन्न पुग्यो ।

महिला र पुरुष मानिस नै हुन् । जैविक रूपमा महिला र पुरुष भएका तिनलाई एकअर्कासँग तुलना गरेर हेर्ने पितृसत्तात्मक सोच, जो अहिले एक्काइसौँ शताब्दीमा पनि महिलाले भोगिरहेका छन् । तिनलाई क्षमताको आधारमा हेर्ने हो भने ती एकदम भिन्न र एकअर्काका परिपूरक छन् । तर जहिले पनि महिलालाई भिन्नताको व्यक्तित्वका आधारमा होइन– असमान कोणबाट हेरेर उनलाई अवमूल्यन गर्ने गरिएका उदाहरण र प्रमाण यथेष्ट अनि छरपस्ट छन् । त्यसमध्येको एउटा ज्वलन्त प्रमाण हो ललितत्रिपुरसुन्दरीको भोगाइ । त्यति बेलादेखि आजसम्म निरन्तर बगिरहेको अनि त्यो पश्चगामी सोचबाट महिलामाथि गर्ने गरिएको व्यवहार र त्यसको परिणामलाई आजको आँखाले हेर्दा कुनै आश्चर्य लाग्दैन । त्यो त

समाज रूढ क्यानभासभित्र दह्रो भएर जरो गाडेर बसेको बसै छ । त्यो प्राकृतिक र स्वाभाविक बहावको चिन्तनमा बग्न नसकेको व्यवहारबाट त्यही समाजको सदस्य ललितत्रिपुरसुन्दरीको प्रभावित जीवनलाई यसरी हेरिएको छ–

**क. परिचय हराएकी ललितत्रिपुरसुन्दरी**

सालिक राख्न योग्य व्यक्तित्व ललितत्रिपुरसुन्दरीको परिचय कसरी हराउन पुग्यो भन्ने प्रश्चचिह्न आजसम्म पनि उठि नै रहेको छ । त्यसलाई पश्चगामी सांस्कृतिक चिन्तनले प्रत्यक्ष प्रभाव पारेको ललितत्रिपुरसुन्दरीको जीवनको अवस्था भनेर बुझ्नुपर्ने हुन्छ ।

एउटा प्राक्कल्पना– 'दरबारकी शक्तिशाली महारानीका बारेमा भएका सूचना मेटाउनै खोजिएको पो हो कि !'

नाम विवादित, वंशज विवादित । कसैले थापाकी छोरी, कसैले खड्काकी छोरी, कसैले राज्यसत्तालाई आधार मानी बगाले थापाकी छोरी भनेर धेरै थरीका परिचयात्मक तथ्य सार्वजनिक भएका छन् (पृ.३२) । त्रिपुरेश्वर महादेव मन्दिरस्थित उनको सालिक उठाइएको स्तम्भको शिलालेखमा उनको नाम छ । गोरखा दरबारमा चढाइएको घण्टीमा उनको नाम उल्लेख भएको छ । तर उनैले अनुवाद गरेको 'राजधर्म'मा उनैको नाम उल्लेख छैन । कतै अन्य अनाम लोकबाट आएको मनुवाजस्तै उनको जन्मस्थल पनि विवादित छ । राजधर्ममा प्रयोग गरिएको भाषा हेर्दा उनी पहाडतिरको हो कि भन्ने अनुमान गरिएको पाइन्छ । तर इतिहासका पृष्ठ जति गिजोले पनि उनको आमाबाबुको खुटोपत्तो नदेखिएको जन्मस्थानको नामोनिसान नभएको मानिस ललितत्रिपुरसुन्दरी (पृ.३२–३३)को परिचय हराएको अवस्था देखिएको छ ।

नाम, वंशज, जन्मस्थान नै थाहा नभएको मानिससँग औपचारिक रूपमा राजकीय शैलीमा विवाह गरेर दरबार भित्र्याए होलान् र ? त्यो पनि श्री ५ रणबहादुर शाहका चार जना रानीपछिको पाँचौँ महारानी । अगाडिका चार जना रानीहरूको त परिचय भेटिन्छ । पहिलो रानी गुल्मीका राजकन्या विद्यालक्ष्मी (विवाहपछि नाम परिवर्तन गरी राजराजेश्वरी नामाकरण गरिएको) दोस्रो सुवर्णप्रभा, तेस्रो भारतको बिहार दरभङ्गाकी मैथली ब्राह्मण मिश्रकी छोरी, जसले 'आफूले छोरो पाएको खण्डमा राजा बनाइनुपर्छ' भन्ने सर्त राखेर विवाह गरेकी बालविधवा कान्तवती झा, चौथो कान्तवतीकी बहिनी चन्द्रावती । तर पाचौँ महारानी, जसले २५ वर्ष नेपाल अधिराज्यको नायबी शासन चलाइन् (पृ.७८) उनको परिचय नहुने ? कस्तो विडम्बना !

प्राक्कल्पनामा अर्को सम्भावना– नाम फेरिएको हुन सक्ने ।

ललितत्रिपुरसुन्दरीभन्दा अगाडिका रानीहरूको नालीबेलीको जानकारी हुने, उनका पारिवारिक पृष्ठभूमि थाहा हुने वा लेखिने, तर उनीभन्दा पछि विवाह गरेकी ललितत्रिपुरसुन्दरीको बारेमा जानकारी नहुने कुरा रहस्यमयी लाग्दछ । महारानी विद्यालक्ष्मीलाई पारिवारिक पृष्ठभूमि नै हराउने गरी नयाँ नाम दिइएर 'राजराजेश्वरी' बनाएजस्तै कुनै नाम ठूली, माइली, साइँली वा नौली नाम भएकी छोरीचेलीलाई 'ललितत्रिपुरसुन्दरी' नामाकरण गरिएको हुन सक्ने आशङ्का रहिरहेको छ । कतै दरबारले किनेको वा किनाइएको दरबार पसेकी वा पसाइएकी धाईसुसारे हुन सक्दिनन् भन्ने आधार पनि देखिँदैन । अथवा आफ्नै परिवारबाट दरबारमा बेचिएकी निर्बलिया परिवारका सदस्य हुन सक्ने आशङ्का त्यत्तिकै बलियो बनेर बसिरहेको छ । उनीमाथि भएका घटनाक्रमले अनुसन्धानको बाटो खोलिदिएको छ ।

ललितत्रिपुरसुन्दरीका बारेमा निर्विवाद रूपमा मानिएका विद्वान् योगी नरहरिनाथ र इतिहासकार बाबुराम आचार्यका बीचको विवाद

त्यत्तिकै रहस्यमयी देखिन्छ । हुन त नेपालको इतिहास नै विवादपूर्ण लेखनमा अगाडि बढेको परिदृश्यमा त्यही भीमसेन थापा कतै वीर पुरुषमा वर्णित भएका छन् भने कतै उनलाई खलनायक साबित गरिएको छ । इतिहासकार विभाजित, राज्यसत्ताको नजिक हुँदा र नहुँदाको अवस्थामा आफ्नो व्यक्तिगत रिसिबी साँध्न वास्तविक तथ्यलाई तोडमरोड पारी विवादित पारिएको वा बनाइएर आआफ्नो हुइयाँमा इतिहास लेखिँदाको परिणाम आजको पुस्ताले पढिरहेका छन् । वास्तविक र सत्य ऐतिहासिक घटना र तथ्यको त्यस्तो विवादित लेखनबाट प्राप्त गरेका ज्ञान पनि विवादित भइरहेको अवस्थामा नागरिक वा पाठकले इतिहासकारको मूल्याङ्कन त गरि नै रहेका छन् । त्यही विवादित शृङ्खलामा ललितत्रिपुरसुन्दरी पनि उभिनुपरेको छ ।

अढाई दशकको लामो नायबी शासन गर्ने राजमाताको परिचय किन हराएको ? शाही परिवारको एक शक्तिशाली सदस्य भएर कुनै बेला नेपाल अधिराज्यको सर्वोच्च शासक रहेको उनको व्यक्तित्व किन विवादास्पद रहेको वा विवादास्पद बनाइएको होला ? स्थिति निकै गम्भीर देखिन्छ । दरबारिया जीवनभित्र राज्यशक्तिका समर्थक र विरोधी खेमामा बीच चलिरहने शीतयुद्ध । त्यसैको चेपमा एउटी दूरदर्शी, जनताप्रेमी रानीको नाममा विवाद खडा गरिएको दु:खपूर्ण अवस्थाले झन् तिनलाई खोतल्ने जिज्ञासा र हुटहुटीले तीव्र रूप लिन पुगेको अवस्था देखिएको छ । यो पुस्तक त्यही हुटहुटीको ज्वलन्त उदाहरण हो ।

भीमसेन थापाको सहयोगमा उनी एकल वैधव्य जीवनको शून्यता र जोखिम र मृत्यु भएका पतिको सती जानुपर्ने कहाली लाग्दो अवस्थाबाट उत्रेकी त थिइन् । तर सतही रूपमा उनका लागि त्यो अवसर बन्न पुगेको देखिन्छ । तापनि केन्द्रमा भने भीमसेन थापाको राजनीतिको रणनीतिक कुटिल दाउपेचको बलियो

साधनको जीवन्त रूपमा प्रयोग गर्दै उनलाई उभ्याइएको परिदृश्य देखिन्छ (पृ.३२–३३) । उनको नायबीमा राज्य सञ्चालन गर्नुपर्ने भएकाले भीमसेन थापाको निर्देशनमा उनलाई मात्र पति वा रणबहादुर शाहको सती जान परेको देखिएन । उनका लागि त यो जीवनदान पाउनु ठूलो सौभाग्य बन्यो । तर उनीभन्दा अगाडि र चन्द्रशमशेरले 'सतीप्रथा उन्मूलन भयो' भन्ने आदेश नदिँदासम्म नेपाल अधिराज्यमा मृत्यु भएका पतिको लाससँग अनिवार्य रूपमा जिउँदै जलेर आफ्नो जीवन सिद्ध्याउनुपर्ने अमानवीय सतीप्रथाले जीवन्तता पाएकै थियो । त्यसलाई रणबहादुरको सती जाने भनेर हेलम्बुमा खेदाइएकी पतिव्रता रानी राजराजेश्वरी चौध जना केटी लिएर सती भएको घटनाले पुष्टि गरेको देखिन्छ (पृ.३४) ।

'प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरी' पुस्तकभित्र समेटिएका विविध तथ्यले समाजशास्त्र र मानवशास्त्रको अध्ययन र सांस्कृतिक अध्ययनका लागि ठाउँ देखाइदिएको छ, बलियो जिज्ञासा छोडिदिएको छ । भविष्यमा त्यही विषयलाई शोधप्रश्न बनाएर अन्तर्विषयक वा अन्तर्अनुशासनात्मक अनुसन्धान गर्ने ढोका यस पुस्तकले खोलिदिएको छ ।

## २.२ **ललितत्रिपुरसुन्दरीको साहित्यिक व्यक्तित्व**

सिर्जना, जुन सिर्जना गर्ने सर्जकको लिङ्गविहीन मनस्थितिको उपज हो । त्यो पनि माथि उठाइएका दृश्यबाट अछुत देखिएको छैन । नेपाली साहित्यको इतिहास हेर्दा महिलाको नाममा प्रकाशित भएका रचना देखिएका छन् । तर तिनलाई अभिव्यक्ति स्वतन्त्रता नभएको राणाकालीन अवस्थामा बेनामी भनेर वा नामै नलेखेर छापिएको अवस्था पनि देखिएको छ । परिस्थितिगत विश्लेषण गर्दा साहित्यलेखनको निरन्तरतामा त्यसले केही अर्थ त राख्ला नै । तर त्यो महिला सर्जकका लागि ठूलो अपमान हो । त्यो सत्य र असत्य दुवै हुन सक्दछ । त्यसका बारेमा गहनताका साथ अध्ययन र

अनुसन्धान गरिनुपर्दछ । त्यही अनुसन्धानको पहिलो यात्रा यो पुस्तकले गरेको छ ।

### २.२.१ प्रथम गद्य 'राजधर्म' लेखनको पूर्वपीठिका

राजकीय शैलीमा औपचारिक रूपमा आफूसमेत पाँच जनासँग बालविवाह, विधवाविवाह गर्दै बहुविवाहलाई सहजीकरण गरेका श्री ५ रणबहादुर शाह निर्बलिया र गरिब नेपालीका अनेकौँ छोरीचेलीलाई अनौपचारिक रूपमा पत्नी, नानीसुसारे, भित्रिनी, दासी बनाएर इतिहासमा चर्चित रहेका छन् । उनको हठपूर्ण कार्यलाई ललितत्रिपुरसुन्दरीले नजिकबाट सुनेकी थिइन् र हेरेकी अनि भोगेकी थिइन् । स्त्रीमोह प्रबल भएका कामुक राजालाई राम्री केटी देख्नै हुँदैनथ्यो । त्यही सन्दर्भमा मिथिलाबाट पशुपतिनाथको दर्शन गर्न आएकी बालविधवा कान्तवतीलाई देखेको भरमा उनको सुन्दरतामा मोहित भएर तिनलाई विवाह गर्नैपर्ने भएको थियो । उनको जिद्दी र अपहत्ते किसिमको एकतर्फी प्रेमलाई निकास दिनका लागि कान्तवतीको अव्यावहारिक सर्तलाई बिनाआनाकानी सहजै स्वीकार गरेका थिए । सुवर्णप्रभाको छोरो रोलक्रममा हुँदाहुँदै जन्मिँदै नजन्मेको छोरा वा 'आफूले छोरो पाएको खण्डमा राजा बनाइनुपर्छ' भन्ने सर्त स्वीकार गरेका थिए । त्यो त उनका लागि वा तत्कालीन समयका लागि नौलो कुरा हुँदै भएन । राजकीय नियमविपरीतको त्यो सर्तको निकासमा विवाहपछि कान्तवतीलाई शक्तिशाली रानीका रूपमा प्रतिष्ठापित गरिएको थियो । विवाहपछि गीर्वाणयुद्धको जन्म भयो । कान्तवतीले छोरो जन्माएपछि रणबहादुर शाहले छोरो जन्माएकी रोलवाला रानी सुवर्णप्रभालाई भित्रेनीमा घोषणा गरे । उनीबाट जन्मेका छोरा रणोद्यत शाह जो राजा हुने रोलवाला थिए, उनलाई राजगद्दीको उत्तराधिकारीबाट हटाइदिए । अनि उनले आफू तेइस वर्षको हुँदा आफूलाई मन पर्ने महारानी कान्तवतीबाट जन्मेका छोरा गीर्वाणयुद्धविक्रमलाई नै आफू जीवित हुँदै राजगद्दीमा राखेका थिए

(पृ.३४, ४०, ४१, ४३, ७८, ७९) । उनको त्यस्तो बौलट्ठी व्यवहारबाट राजधर्म निकै बिथोलिएको थियो ।

राजाबाट भएका त्यस्तैत्यस्तै अनेकौँ अराजनीतिक कार्य 'राजधर्म' लेख्नका लागि प्रेरणादायी भूमिका बनिदियो । वास्तवमा कुनै पनि राज्य चलाउने धर्म त्यो पटक्कै थिएन । तर राज्यसञ्चालनमा जे नहुनु थियो त्यही बारम्बार भइदिने कुराले सहज प्रवेश पाउन थाल्यो । उनले राज्यसञ्चालनलाई खेलाँचीका रूपमा लिँदै गरिएको अत्यन्तै असक्षम र अकुशल व्यवहारले निम्त्याउँदै गरेको अवस्थालाई स्पष्ट रूपमा बुझ्दै आएकी थिइन् । राजाको त्यस्तो व्यवहारबाट उनी परिचित हुँदै गएकी थिइन् । त्यस्तो परिवेशलाई पार गर्दै गर्दा आफ्नो काँधमा राज्यसञ्चालन गर्नुपर्ने नायबी जिम्मेवारी आएपछि उनले राजाले गरेका गल्तीलाई सुधार्ने प्रयासमा लागिन् र राज्यसञ्चालनको धर्मलाई सकेसम्म दुरुस्त निभाउन थालिन् ।

त्यही सन्दर्भमा उनी लेखकहरूको सम्पर्कमा आउन थालिन् । श्री ५ गीर्वाण र नाति श्री ५ राजेन्द्रकी नायबी भएर नेपाल अधिराज्यको शासनमा बसेकै बेला उनको साहित्यसिर्जनाले जरो गाडेको थियो । त्यति मात्र होइन, ती दुवै राजाका पालामा राजदरबारमा लेखक, कविहरूको घुइँचो लाग्थ्यो । वास्तवमा त्यस घडी स्रष्टाहरूलाई रानी ललितत्रिपुरसुन्दरीबाट कदर गरिने परिपाटी थियो । राजमाता आफू पनि लेखिका तथा कवियित्री भएका नाताले उनले कवि लेखकको मर्म बुझेकी थिइन् (पृ.४२) । त्यो पृष्ठभूमिले उनलाई 'राजधर्म' अनुवाद गरी आफ्नो लेखकीय व्यक्तित्वलाई अझ बढी प्रस्फुटन गराउने अवसर दियो ।

त्यस कालमा न शिक्षाको प्रबन्ध थियो, न नारी शिक्षालाई प्राथमिकता दिइएको थियो । त्यो समयमा पढेर, लेखेर होइन; लेखक, कवि र पण्डितसँगका सत्सङ्गतले उनी सर्जक बनेकी थिइन् । किशोरी वयको आरम्भमै उनीमाथि बज्रन गएको कठोर वैधव्यका

कारण जीवनलाई हेर्ने अन्तर्मुखी र अद्यावसायी दृष्टिकोणबाट प्रेरित भई उनले 'राजधर्म'को अनुवाद गरेको हुनुपर्छ । शाहवंशीय परम्पराका दुई जना श्री ५ हरूको नायबी हुनाका कारण पनि उनले 'राजधर्म'को अनुवादलाई प्राथमिकता दिएको हुनुपर्दछ (पृ. ४३) । दरबारिया जीवनको चारित्रिक दुर्व्यवहार र हठी नेतृत्वजस्ता कुराको गवाह बनेकी ललितत्रिपुरसुन्दरीका लागि आफैँले देखेका र भोगेका तिनै एकपछि अर्को घट्दै गएका घटनाहरू नै 'राजधर्म' अनुवाद गर्ने कार्यका लागि पूर्वपीठिका स्पष्ट रूपमा बन्न पुगेको देखिन्छ ।

### २.२.२ 'राजधर्म' महाभारतको शान्तिपर्वको अनुशासनपर्वको गद्यअनुवाद

नेपाली साहित्यको इतिहासको प्रारम्भिक कालमा संस्कृत साहित्यका विभिन्न धार्मिक रचनालाई नेपाली भाषामा अनुवाद गर्ने अनुवादपरम्परा नै रहेको देखिन्छ । धर्मग्रन्थमा भएका नीतिनियमको प्रचारप्रसार गरी राज्यलाई अनुशासित र मर्यादित बनाउने उद्धेश्य राखेर त्यसको अनुवाद गरिने गरिन्थ्यो । महाभारत ग्रन्थ नेपाली साहित्य लेखनका लागि उपजीव्य ग्रन्थका रूपमा रहेको छ । अनेकौँ साहित्यकारहरूले आफ्नो चिन्तनले माग गरेको आवश्यकताअनुसार महाभारतभित्रका विभिन्न कथामध्येबाट आफूलाई मन पर्ने र चाहिने कथ्यलाई अनुवाद गर्ने प्रचलन रहेको देखिन्छ । साथै त्यसभित्रका कुनै कथामा आधारित रहेर सिर्जना गरेका उदाहरण पनि प्रशस्तै भेटिन्छन् । त्यस्तै लेखनयात्राको निरन्तरता 'राजधर्म' पनि हो ।

'राजधर्म' संस्कृत भाषामा पद्यमा लेखिएको महाभारतको 'शान्तिपर्व'अन्तर्गतको 'अनुशासन पर्व'को गद्यमा गरिएको अनुवादको पुस्तक हो । नेपाली भाषाको सरल गद्यमा अनुवाद गरिएको पुस्तकको नाम 'शान्तिपर्व' वा 'अनुशासनपर्व' दिइएको छैन । पुस्तकको नाम नै मौलिक र नयाँ 'राजधर्म' भन्ने राखेर उनले आफ्नो लेखकीय क्षमताको परिचय दिएकी छिन् । राजमाता भएर नायबीका रूपमा

राज्यसञ्चालन गर्दा देखेको दरबारिया अपचलनलाई रोक्नका लागि पनि उनले यो विषयलाई चयन गरेको हुनुपर्छ । राज्य र राज्यसञ्चालन गर्नेले अपनाउनुपर्ने सही विधिविधानलाई स्थापित गर्नु उनको 'राजधर्म' लेखनको उद्बेश्य रहेको देखिन्छ । उनले सत्तालोलुपता र त्यसको सङ्घर्षको कठोर चाप र त्यसले निम्त्याएको हत्याहिंसाबाट राज्यसत्ता दिशाहीन हुने खतरा नजिकबाट देखिरहेकी थिइन् । त्यसको अगाडि आफ्नो नायबी चलिरहेको बेलामा महाभारतमा उल्लेख भएका त्यस्ता निर्देशकीय नीतिनियम र उपदेश दिने ग्रन्थको आवश्यकतालाई उनले महसुस गरिरहेकी थिइन् । त्यसैले महाभारतमा रहेका अन्य कथाहरू उनको चयनमा आएनन् । राज्यसञ्चालनको आदर्श र विधिविधानको वर्णन रहेको महाभारतको शान्तिपर्वको अनुशासनपर्वको अंशलाई नै गद्यअनुवादका लागि छानिन् । त्यो गद्यानुवादको प्रारम्भ र अन्त्यमा भक्तिभावले भरिएको उनको आफ्नै मौलिक आध्यात्मिक कविताका अंश पनि रहेका छन् । त्यसबाट उनको साहित्यकेन्द्रित व्यक्तित्व स्थापित हुन पुगेको छ ।

वास्तवमा दरबारिया जीवन बाहिरबाट हेर्दा जति आकर्षक र मोहक देखिन्छ भित्रबाट हेर्दा त्यत्तिकै डरलाग्दो र भयानक हुन्छ । उनले बाइस वर्षमै दरबारभित्रका अनेक किसिमका कुटिलता, धोकाधडी र हत्याहिंसाको तिक्त परिणामलाई अनुभवको पृष्ठमा प्रवेश गराइरहेकी थिइन् । त्यो अनुभवले परिपक्वता लिन थालेपछि दस वर्ष लगाएर उनले 'राजधर्म'को अनुवाद गरेकी थिइन् (पृ.९७) । 'राजधर्म'को अनुवादबाट उनी एउटी गतिली आख्यानकारमा स्थापित भइन् (पृ.४३) । डेढदुई शताब्दीअगाडि नै एउटा स्रष्टाबाट त्यस्तो गहन कृतिको अनुवाद हुनु चानचुने कुरो होइन । त्यो अत्यन्तै ठूलो ऐतिहासिक घटना हो ।

राजधर्म पद्यमा लेखिएको महाभारतको गद्यमा गरिएको उत्कृष्ट अनुवाद हो, जहाँ राज्यको धर्म वा राजकाजको बलियो निर्देशन

रहेको छ । साथै पुस्तकको प्रत्येक अध्यायको आदि र अन्त्यमा रहेको ललितत्रिपुरसुन्दरी आफैँले लेखेको मौलिक कविताको अंशहरूले उनको उत्कृष्ट पद्यलेखनलाई पनि स्थापित गरिदिएको छ ।

जहिले पनि न्यायिक राजाका पक्षमा वकालत गरिरहने योगी नरहरिनाथ राजावादी भएर पनि उनी राजाका कट्टर आलोचकसमेत थिए । उनी भन्थे– 'राजा वीरेन्द्रले शासन गर्न जानेनन् ।' राजाले राजधर्म नअपनाएको बेहोरा बोलेकै कारण योगीलाई राजा वीरेन्द्रले जेलखाना पनि पठाएका थिए । तर उनी त्यसरी जेलमा बसेका बेला पनि राजसंस्थाकै महिमा गाउँथे । त्यतिखेर पनि उनी राम्रो शासन गर्ने हो भने राजाले 'राजधर्म' रट्नैपर्छ' भनिरहन्थे (पृ.५७) । राजधर्मको त्यस्तो महत्त्व बुझेका उनले राजधर्मलाई पुस्तकमा निकाल्नुपर्छ भनेर पाण्डुलिपि जगदम्बा प्रकाशनलाई बुझाउने गहन जिम्मेवारी निभाएका थिए ।

### २.२.३ आदिगद्य राजधर्म : आदिगद्यकार ललितत्रिपुरसुन्दरी

एक पटक हात हालेपछि गन्तव्यमा पुऱ्याउने नरेन्द्रराज प्रसाईको प्रवृत्ति अनुसार ललितत्रिपुरसुन्दरीको जीवनी पुस्तक लेखिएको छ । विभिन्न आधिकारिक प्रमाण जुटाएर लेखिएको यस पुस्तकले प्रथम नारीस्रष्टाका रूपमा ललितत्रिपुरसुन्दरीलाई स्थापित गरिदिएको छ । तर उनले पनि आदिगद्यकार भन्न सकेका छैनन् । किन होला ? सायद नारीस्रष्टा नै नभनिएको अवस्थामा उनको त्यही व्यक्तित्वलाई स्थापित गर्ने अर्जुनदृष्टिको यात्राको मार्गचित्रले उनलाई निर्देशित गरेको हुनुपर्छ । तर त्यो पुस्तकको आद्योपान्त अध्ययन र विश्लेषण गर्दा ललितत्रिपुरसुन्दरीलाई आदिगद्यकार बनाउने प्रामाणिक तथ्य र सूचना प्रवाह गरिरहेको देखिन्छ । ईश्वरवल्लभको भनाइ '...ललितत्रिपुरसुन्दरी नेपाली भाषालेखनमा भानुभक्तभन्दा अगाडि उदाएकी हुन्'लाई पुस्तकपछाडिको आवरणमा प्रसाईले स्थान दिनु यसको प्रमाण हो, जसले नेपाली साहित्यमा भानुभक्त आचार्यले

आदिकविको हैसियत राखेजस्तै आदिगद्यकार ललितत्रिपुरसुन्दरीले आदिगद्यकारको हैसियत राखेको कुरालाई स्थापित गर्दछ ।

ललितत्रिपुरसुन्दरी नेपाली साहित्यका आदिगद्यकार हुन् । भानुभक्त आचार्यलाई आदिकवि भनिएको छ । उनी ब्राह्मण कुलमा छोरो भएर जन्मेका आफ्नो जातीय संस्कारबाटै धर्मशास्त्री र कवि हुन् । उनको परिचयलाई विवादित बनाइएको छैन । उनको रचना हो कि होइन भनेर कहीं कतै शङ्काको दृष्टिले हेरिएको छैन । तत्कालीन नेपाली साहित्यको वीरधारामा बगिरहेको कविता विधाको यात्रामा बाधा पर्ने गरी भएको राजनीतिक कृत्य सुगौली सन्धिबाट जनमानस निराश भएको समय थियो । जनताका निराशा मेट्ने सामर्थ्य लिएर अनुवाद गरिएको पुस्तक रामायण हो भनिएको छ । भानुभक्तको सिर्जनाबाट कविता विधाले वीरधाराबाट भक्तिधारामा धार परिवर्तन गरेको भनी परिस्थितिगत व्याख्या र विश्लेषण भएको छ । त्यो कुरा निर्विवाद रूपमा सत्य थियो । वर्णन र विश्लेषणले त्यसैलाई स्थापित गरिदिएको छ । कहिलेकाहीँ भानुभक्त आचार्य आदिकवि हुन् भनेर पुष्टि गर्नुपर्ने खालका प्रश्न विद्यार्थीलाई परीक्षामा सोधिने गरिएको र समाजका केही थोरै तप्का भए पनि त्यस्ता विवाद न्यून रूपमा नउठेका भने होइनन् । तापनि देशभित्र र बाहिर भानुभक्तलाई आदिकवि भनेर घनीभूत रूपमा व्यवहार गर्ने गरिएको देखिन्छ ।

राजकुलकी ललितत्रिपुरसुन्दरी कसैकी छोरीचेली, राज्यसञ्चालनको व्यस्तताको बीचमा पनि केही समय निकालेर लेखपढ गर्ने विदुषी स्रष्टा हुन् । उनी आफूले लेखेर मात्र बसिनन् । अरूलाई पनि लेखपढ गर्न उत्प्रेरित गर्ने गरेको देखिन्छ । पुस्तक प्रकाशन, शिलालेख लेखन, पुस्तकालय खोल्ने, पुस्तक दान दिनेजस्ता क्रियाकलापमा संलग्न रहिरहेको उनको क्रियाकलापले उनलाई बौद्धिक व्यक्तित्वका रूपमा स्थापित गरिदिएको छ । त्यसरी हेर्दा नेपाली भाषा र साहित्यको संवर्द्धन र शिक्षाको प्रचारप्रसारमा भानुभक्तकृत

'रामायण'को जुन महत्त्व र योगदान रह्यो, त्यत्तिकै ललितत्रिपुरसुन्दरीकृत 'राजधर्म'को पनि महत्त्व र योगदान रहेको देखिन्छ । अझै संस्कृतमा पद्यमा लेखिएको 'रामायण'को कथालाई अनुवाद गर्दा विधागत परिवर्तन गरिएको छैन । साहित्यको पद्यविधामै टेकेर त्यसको अनुवाद भएको छ । अर्थात् संस्कृतमा पद्यमा लेखिएको 'रामायण'को अनुवाद नेपाली भाषामा पद्यमै अनुवाद भएको छ । पुस्तकको शीर्षक पनि परिवर्तन गरिएको छैन । संस्कृतमा लेखिएको 'रामायण' कृतिको अनुवादित कृतिको नाम पनि त्यही संस्कृतको 'रामायण' नामलाई नै निरन्तरता दिएर 'रामायण' नै राखिएको छ ।

ललितत्रिपुरसुन्दरीले संस्कृतको महाभारतको 'शान्तिपर्व'को 'अनुशासनपर्व'को पद्यको अंशलाई गद्यमा अनुवाद गरेकी छिन् । त्यो नेपाली अनुवादपरम्पराको नितान्त नयाँ फड्को हो । नेपाली साहित्यको अनुवादपरम्परामा त्यति बेला त्यसरी विधागत परिवर्तन गरेर अनुवाद गरिएका रचनाहरू सायद आजसम्म भेटिएका छैनन् । त्यस्तै अर्को महत्त्वपूर्ण प्रमाण भनेको उनले अनुवाद गर्दा मौलिक रूपमा रहेको विधागत स्वरूपलाई नै परिवर्तन मात्र गरेकी छैनन्, 'अनुशासनपर्व'को शीर्षकलाई नै परिवर्तन गरी अनूदित पुस्तकको नयाँ नाम 'राजधर्म' राखेकी छिन् । त्यो उनको मौलिक लेखनको अर्को प्रमाण हो । उनको त्यो लेखनबाट गद्यअनुवादको प्रारम्भ भएको छ । ती दुई महत्त्वपूर्ण प्रमाणले स्पष्ट रूपमा के देखाउँछ भने नेपाली साहित्यमा भानुभक्तको योगदानभन्दा ललितत्रिपुरसुन्दरीको योगदान कुनै पनि कोणबाट कम देखिँदैन ।

उपर्युक्त तथ्यका आधारमा 'रामायण'बाट भानुभक्त जसरी आदिकविका रूपमा स्थापित भए वा स्थापित गराइयो त्यसरी नै 'राजधर्म'बाट ललितत्रिपुरसुन्दरी स्थापित हुनुपर्छ वा स्थापित गराइनु पर्छ । नेपाली भाषाको माध्यमबाट नेपाली जनमानसमा सन्देश पुऱ्याउने क्षमता राखेको यो अनुवादित कृतिले (पृ.७६)

ललितत्रिपुरसुन्दरीको विशिष्ट अनुवादकलालाई उजागर गरिदिएको छ । उनी आफूले एकल जीवन बिताउन परेको कठिन अवस्थामा जीवनलाई शान्तसँग बिताउने सूत्रका रूपमा सकारात्मक सन्देश दिएको आध्यात्मिक चिन्तनसहितको लेखनबाट ललितत्रिपुरसुन्दरी आदिगद्यकारको हैसियतमा रहन सफल देखिएकी छिन् ।

## क. समान परिस्थितिमा ललितत्रिपुरसुन्दरी र भानुभक्त

दुईअढाई दशकले मात्र अगाडिपछाडि जन्मेका ललितत्रिपुरसुन्दरी (वि.सं.१८५०–१८८८) र भानुभक्त (वि.सं.१८७१–१९२५)का बीच केही समान परिस्थिति निर्माण भएको देखिन्छ । दुवैको अनुवाद लेखनका लागि निर्माण भएको परिस्थिति राजनीतिक नै थियो । तर ललितत्रिपुरसुन्दरीको राजनीति देशभित्रको आन्तरिक थियो भने भानुभक्तको परिस्थिति नेपाल र भारतशासित इस्ट इन्डिया कम्पनी वा अङ्ग्रेजबीचको परराष्ट्रसँग सम्बन्धित राजनीति थियो । तत्कालीन महाराज श्री ५ रणबहादुर शाहकी पाँचौँ महारानी भएर ललितत्रिपुरसुन्दरीले दरबारिया जीवनलाई नजिकबाट देखेकी मात्र होइन, भोगेकी पनि थिइन् । आफूलाई चित्त नबुरुने कतिपय राजसी हठपूर्ण क्रियाकलापले गर्दा नेपाल अधिराज्यको शासन नै नराम्रोसँग खलबल हुने सम्भावना उनले देखेकी थिइन् । त्यसैले राज्यसञ्चालन गर्ने नायबी आफ्नो हातमा आएपछि उनले राज्यलाई त्यो परिस्थिति आउन नदिनका लागि 'राजधर्म'को अनुवाद गरेकी थिइन् । देशको शासन कसरी गरिनुपर्छ, राजाको आचारसंहिता के हो, राजा र प्रजाको सम्बन्ध कस्तो हुनुपर्छ, देशको अभिभावकत्व ग्रहण गर्ने हैसियत राखेका राजाले जनताका लागि न्यायपूर्ण शासन कसरी गरिनुपर्छ भनेर उनले महसुस गरिरहेकी थिइन् । त्यही चिन्तनबाट प्रभावित भइरहँदा उनले कुशल राज्यसञ्चालनको आदर्श समेटिएको 'महाभारत'को 'शान्तिपर्व'को 'अनुशासनपर्व'लाई छानेर त्यसको गद्य अनुवाद गरेकी थिइन् । उनको त्यो योजनापूर्वक लेखिएको लेखन थियो ।

राजाको बहुलट्ठी शासनबाट बिग्रेको राज्यशासनलाई सम्हाल्नुपर्छ भनेर 'राजधर्म' लेखिए पनि राजालाई निरीह बनाउने र जतनालाई देखाउनका लागि मात्र थपनाका रूपमा राजालाई राखेर एक सय तीन वर्षीय राणाशासन नेपालमा लागू भइछाड्यो । त्यसका लागि भीमसेन थापाको क्रियाकलापले पृष्ठभूमि त बनाएकै हो । त्यही एकतन्त्रीय राणाशासनको अदूरदर्शिताबाट निम्तिएको १८७२ को सुगौली सन्धीको प्रभावबाट निरासिएका जनताका लागि उक्त पुस्तकको पठनले आध्यात्मिक खुराक दिने कार्य बन्न पुगेको संयोग थियो ।

**ख. समान उपजीव्य ग्रन्थहरूको अनुवाद**

संस्कृत साहित्यको प्राचीन ग्रन्थ 'महाभारत' र 'रामायण'का विषयले पछिल्ला समयमा समान उपजीव्य ग्रन्थहरूको हैसियत प्राप्त गरेको छ । ती ग्रन्थभित्र रहेका विभिन्न कथामा आधारित रहेर अनेकौँ रचना लेखिएका पनि छन् र तिनका अनुवाद पनि भएका छन् । त्यही 'महाभारत' र 'रामायण'लाई ललितत्रिपुरसुन्दरी र भानुभक्त दुवैले आआफ्नो साहित्यअनुवादका लागि मूल आधार ग्रन्थ बनाएका छन् । ती आधारग्रन्थको सरल र सहज नेपाली भाषामा गद्यानुवाद र पद्यानुवाद भएका छन् । ती अनुवादित पुस्तकले नेपाली भाषाको आधुनिकीकरणमा निर्णायक योगदान पुऱ्याएको देखिन्छ । अध्यात्मबाटै राष्ट्रका सबै किसिमका समस्या र सङ्कटको समाधान गर्न सकिन्छ भन्ने चिन्तनबाट अभिप्रेरित भएर अनुवादका ती दुवै कार्य अगाडि बढेका हुन् ।

माथि विश्लेषण गरिएका परिस्थितिलाई विचार गर्दा नेपाली पद्यसाहित्यको विकासमा भानुभक्तलाई स्थान दिएर आदिकवि भानुभक्त भनिएजस्तै सन्दर्भपरकताको त्यही हैसियतमा आउने नाम ललितत्रिपुरसुन्दरीलाई पनि आदिगद्यकार भनिनुपर्छ, आदिगद्यकार भनेर लेखिनुपर्छ र आदिगद्यकार भनेर स्थापित गरिनुपर्छ । उनलाई

प्रथम नारीस्रष्टा मात्र भन्ने गरिँदा उनीमाथि अन्याय हुन जान्छ । किन प्रथम नारीस्रष्टा मात्र ? पुस्तकको तथ्य र विद्वान्का भनाइबाट उनी प्रथम गद्यलेखकका रूपमा प्रस्तुत भएको नै देखिन्छ । तर अझै पनि पहिलो गद्यलेखक ललितत्रिपुरसुन्दरी नै हुन् भनेर निर्बन्ध रूपमा भन्न सकिरहेको देखिँदैन । नेपाली भाषामा लेखिएको आदिकविता र कविका बारेमा कहिलेकाहीँ आउने गरेको न्यून विवादबाहेक अहिलेसम्म सामान्य सहमति बनिसकेको अवस्था देखिन्छ । तर नेपाली भाषामा लेखिएको आदिगद्य र गद्यकारका बारेमा भने हामीकहाँ फाट्टफुट्ट भए पनि चर्चासम्म भएको पाइँदैन । खालि प्रथम नारीस्रष्टा मात्र भनिएर चोख्याउने काम भएको छ । उनको लेखनको गाम्भीर्यलाई बुझेर त्यसका बारेमा वस्तुनिष्ठ खोजी वा गहन रूपमा विचारविमर्श हुन सकेको देखिँदैन । त्यसैले पनि होला, नरेन्द्रराज प्रसाईको ललितत्रिपुरसुन्दरीको विषयमाथि लेखिएको र 'नेपाल' पत्रिकामा छापिएको लेखलाई त्यसतर्फको एउटा अत्यन्त स्वागतयोग्य प्रयास भएको मानिएको छ (पृ.१३–१४) ।

**ग. अनुवादपरम्परामा रामायणभन्दा अगाडि अनुवादित कृति**

ललितत्रिपुरसुन्दरी नेपाली भाषा लेखनमा भानुभक्तभन्दा अगाडि उदाएकी स्रष्टा हुन् (ईश्वरवल्लभ : प्रसाईको पुस्तकको आवरणपछाडिको खण्ड) । 'राजधर्म' १८८१ सालमा अनुवाद भएको थियो । त्यसलाई लिपिकार भुवानन्दले सुन्दर अक्षरमा १९३० सालमा सारेका थिए । धेरै समयपछि योगी नरहरिनाथले उक्त कृति जगदम्बा प्रकाशनलाई दिएका थिए । त्यसपछि रानी जगदम्बाकुमारीको निर्देशनमा जगदम्बा प्रकाशनले २०१९ सालमा त्यस पुस्तकलाई प्रकाशनमा ल्याएको थियो (पृ. ४१) । 'राजधर्म' पुरानो कृतिमध्येको उत्तम कृति हो । यो उच्च भाषाशैलीको नमुनाको कृति हो (पृ. ४६–५३) । यो ललितत्रिपुरसुन्दरीको भाषिक कला र सीपको नमुना हो (पृ.६८, ७१, ७२, ७४, ७७, ८९) । जगदम्बा प्रकाशनले पनि 'राजधर्म'को सर्जक

ललितत्रिपुरसुन्दरीलाई नै मानेको छ । तर पुस्तकको अग्रभाग र अन्त्यमा नाम दिन भने कन्जुस्याइँ गरेको छ (पृ.५५) । यहींनिर विद्वान्का चिन्तन र व्यवहार चुक्ने गरेको छ र चुकेको छ ।

राज्यशासनमा जित्नेको मात्र इतिहास लेखिने र शासन गरिरहेका शक्तिशालीको मात्र बेलिविस्तारमा अभिलेख राखिने परम्परामा नेपाल अधिराज्यको नायबी कुशलतापूर्वक चलाउने शक्तिशाली राजमाता ललितत्रिपुरसुन्दरीको साहित्यिक व्यक्तित्वलाई स्थापित गरिदिने अभिलेख कहीँ, कतै भेटिँदैन । इतिहास लेखिने इतिहासकारको कलम त्यतातिर चलेको देखिँदैन । त्यसैले त पूर्वाग्रह राखेर लेखिएका त्यस्ता इतिहासकारले लेखेको इतिहास पछिल्लो समयमा आएर विवादित बने र लेख्ने इतिहासकार पनि विवादित भए । यति सानो देशको इतिहास लेख्ने इतिहासकार खेमाखेमामा बाँडिए । तिनका बाझिने खालका अस्पष्ट भनाइले बेलाबेलामा नागरिक र पाठक रनभुल्लमा पर्ने गरेका छन् (पृ.५५–६३) । सत्यतथ्यमा भन्दा पनि आआफ्नो अनुकूलनको इतिहास लेख्ने प्रवृत्ति बाहिर देखिनु ज्यादै नै दु:खलाग्दो र अदूरदर्शी कुरा हो (पृ.५६) ।

**घ. सिर्जनाको तहमा रहँदा सर्जक 'नारी' वा 'पुरुष' हुँदैन**

लेखक भनेको लेखक हो, सर्जक हो । कुनै विचारबाट नबाँधिएर नितान्त मौलिक सिर्जना गर्दाको क्षणमा ऊ नितान्त मानव बनेको हुन्छ । आफ्नो अनुभूतिगत संवेदनालाई सिर्जनाको माध्यमबाट अभिव्यञ्जित गर्ने यात्राको तहमा रहँदा ऊ कहिल्यै पनि नारी र पुरुष हुँदैन । त्यो क्षणलाई गम्भीर भएर विचार गर्ने हो भने सर्जक त्यति बेला आफ्नो सिर्जनायात्रामा निश्चल र नि:स्वार्थ भएर नितान्त मानवीय चेतका साथ अगाडि बढिरहेको हुन्छ । त्यसैले त सर्जकले सिर्जना गरिसकेपछि भन्ने गरेको छ– 'मैले त यस्तो पो लेखेछु वा सिर्जना गरेछु' । अज्ञातभूतमा भएको अनुभूति र त्यसको अभिव्यञ्जनाको सिर्जनालाई थाहा पाइसकेपछिको अवस्थामा मात्र

लेखक वा सर्जक नारी र पुरुषको लैङ्गिक विभाजनमा छुट्टिने गर्दछ । लेखनको क्षणमा लेखकको चेतनामा आफ्नो व्यक्तिगत सोचभन्दा उच्चस्तरको चिन्तन, सुपरकन्सस वा पराअहम्को स्थिति हाबी भएको हुन्छ । त्यसैले सिर्जनाका बेला सर्जक आफैँलाई आफ्नो सिर्जनाबारे थाहा हुँदैन । त्यसैले त्यो अवस्थामा ललितत्रिपुरसुन्दरी पनि पुगेको हो । त्यसैले उनी नारीस्रष्टाभन्दा माथि उठेको पूर्ण स्रष्टा हो । उनको परिचयमा अब नारी शब्द झुन्डचाइरहनु पर्दैन ।

### २.२.४ आदिकवि उपाधिलाई चलाउन खोजिएको होइन : आदिगद्यकारको उपाधि स्थापित गर्नुपर्छ भनिएको हो

त्यति विश्लेषण गर्दै गर्दा भानुभक्तलाई चलाउन खोज्यो वा त्यस्तैत्यस्तै नकारात्मक प्रतिक्रिया आउने सम्भावना पनि त्यत्तिकै देखिरहेकी छु । किनभने पितृसत्तात्मक सोचले गर्ने काम नै त्यही हो । तर बहकाउमा गरिएको यो विश्लेषण होइन । पुस्तकले दिएको सूचनामाथि टेकेर स्रष्टामाथि गरिएको परिस्थितिगत विश्लेषण हो यो लेखन । एक पटक कसैलाई पनि प्राप्त भएको ऐतिहासिक स्थानलाई कालान्तरमा हुने गरेको अनुसन्धान र त्यसबाट प्राप्त भएको प्रामाणिक तथ्यले त्यो इतिहासलाई पुनर्लेखन गराउने हैसियत राखेको हुन्छ । जस्तै प्राचीन नेपाली भाषाको नमुना भनेर २०३०/४० को दशकसम्म ११०० तिरको आदित्यमल्लको अभिलेखमा भएको भाषा '...राइका भाष् पसाकि अक्रि...'लाई मानिएको थियो । अनुसन्धानको क्रम जारी रहेको अवस्थामा २०५० को दशकमा अध्ययन र अन्वेषणले आदित्यमल्लभन्दा अगाडिका अशोकचल्ल र उनीभन्दा अगाडिका राजा दामुपालको शिलालेखको भाषालाई प्राचीन नेपाली भाषाको नमुना भनेर अहिलेसम्म स्थापित गरेको छ । त्यसपछि पनि गहन अनुसन्धानबाट अर्को प्रामाणिक तथ्य भेटिएको खण्डमा दामुपालको सट्टा अर्कै प्राप्त व्यक्तिको शिलालेखको भाषालाई प्राचीन भाषा हो भनेर मान्नुपर्ने अवस्था विद्यमान रहेको छ । त्यस्तै

२०४६ सालपछि पहलमानसिंह स्वाँरको 'अटलबहादुर' नाटक १९६० सालमा लेखिएको भन्ने तथ्य बाहिर आयो । त्यसपछि १९८६ सालमा बालकृष्ण समले लेखेको 'मुटुको व्यथा'बाट नेपाली नाटकको आधुनिक काल सुरु भएको हो भन्ने कुरालाई मान्दै 'अटलबहादुर'लाई पूर्वआधुनिक काल वा नाटकको आधुनिक कालका लागि पृष्ठभूमि निर्माण गरेको हैसियतमा उनलाई पूर्वआधुनिक नाटक र नाटककारको स्थान दिइएको छ ।

इतिहासको गर्भमा लुकेका र लुकाइएका तथ्य बाहिर नआउँदासम्म प्राप्त प्रामाणिक पुस्तकको महत्त्वलाई त्यही सन्दर्भमा नै स्थापित गरिनुपर्छ । तर कालान्तरमा त्यस्ता प्रामाणिक तथ्य बाहिर आएको अवस्थामा भने त्यसलाई अनदेखा गर्न मिल्दैन । त्यसमाथि सम्बोधन गरिनुपर्छ । त्यस्तो काम बेलाबेलामा नेपाली साहित्यको विभिन्न विधाका इतिहासमा देखिएको छ । अध्ययन र अनुसन्धानबाट प्राप्त तथ्यलाई त्यहीअनुसारको सम्बोधन गरिएर सिर्जना र सर्जकलाई त्यसअनुसारको हैसियतमा स्थापित गरिएको कुरा माथिको विवेचनाबाट स्पष्ट भएको छ । आजसम्म पनि 'राजधर्म' ललितत्रिपुरसुन्दरीबाट लेखिएको हो भन्ने कुरा नेपाली साहित्यको इतिहासलेखनले टुङ्गो लगाएको अवस्था देखिँदैन । त्यसैले माथि विश्लेषण र विवेचित परिदृश्यलाई नै आधार मानेर प्रामाणिक तथ्य भएको पुस्तक 'प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरी' अन्वेषक प्रसाईबाट सार्वजनिक भएको हुनाले उनलाई प्रथम गद्यकारका रूपमा स्थापित गरिनुपर्छ भनिएको हो ।

घरपरिवारबाट दोस्रो दर्जाको सन्तानका रूपमा व्यवहार गरिएजस्तै नारीस्रष्टालाई साहित्यिक क्षेत्रमा पनि दोस्रो दर्जाकै लेखकसरह व्यवहार गरिएको स्थिति आजपर्यन्त विद्यमान भएको अवस्था रहेको छ । दुई सय वर्षअगाडिको ललितत्रिपुरसुन्दरीको यात्राले आज दुई सय वर्षपछाडिसम्म पनि त्यही विभेदले कोरिएको

मार्गरेखामा यात्रा गरिरहेको छ । अहिलेसम्मका इतिहासकार र अनुसन्धाताले औपचारिक रूपमा उनको व्यक्तित्व र कृतित्वका बारेमा खासै ध्यान दिएको देखिँदैन । के यो पनि पुरुषप्रधान नेपाली समाजले जैँ पुरुषप्रधान नेपाली साहित्यले पनि आफ्ना महिला सहकर्मीहरूप्रति गरेको तिरस्कार वा महत्ता प्रदर्शन त होइन ? (पृ.१४) ।

अहिलेको उत्तरआधुनिक चिन्तन र त्यसको प्रवाहमा गतिवान् भइरहको समयले स्पष्ट रूपमा भन्दछ कि विगतमा वा कुनै कालखण्डमा समाज परिवर्तनका लागि भएका कुनै पनि पदचाप र तिनका डोबहरूलाई केन्द्रमा ल्याएर सम्बोधन गरिनुपर्छ । विभिन्न कारणले मेटाउन खोजिएको तर अध्ययन र अनुसन्धानबाट त्यसका प्रामाणिक तथ्य भेटिएको अवस्थामा त्यस कार्यलाई स्थापित गरिनुपर्दछ । त्यही प्रवृत्तिलाई सम्बोधन गर्ने क्रममा नेपालको संविधान २०७२ बनिसकेको अवस्था छ, जहाँ हिजो योजनाबद्ध रूपमा परिचयविहीन बनाइएका नागरिकको मौलिक सांस्कृतिक जीवनलाई सुरक्षित गरिदिएको छ । त्यसमै टेकेर सीमान्तीकृत रहेका, बनेका र बनाइएका नागरिक लामो कालखण्डसम्म लुकेर बाँचेको र तिनले लुकेर बचाएको आआफ्नो सांस्कृतिक जीवनसहित अस्तित्वमा देखा पर्न थालिरहेका छन् । त्यही प्रवाहमा हिँडिरहेको आजको समयले साहित्यको इतिहास अध्ययन र विश्लेषण गरी पूर्वाग्रहरहित भएर त्यसको तार्किक मूल्याङ्कन गरिनुपर्छ, त्यसलाई इतिहासमा ससम्मान स्थापित गरिनुपर्छ । त्यही मापदण्डमा ललितत्रिपुरसुन्दरीको योगदानको स्थापना हुनुपर्छ ।

पानी पर्दा छोरालाई पानीमा भिज्नु हुँदैन । बिरामी हुन्छ भन्दै पानीको रुझाइबाट हुने बिरामीबाट बच्नका लागि छाता दिने गरेको छ । छाता ओढेर ऊ सहजताका साथ पानी परिरहेको बेलामा यात्रा गर्ने सौभाग्य प्राप्त गरेको छ । तर छोरीले त्यो सौभाग्य कहाँ प्राप्त

गर्नु ! छोरीलाई पानी परेको बेलामा बिरामी हुन्छ भनेर छाता दिइने गरिँदैन । छाताबिना पानीले भिजेर यात्रा गर्दागर्दा उनले आफू निकै नै ठगिएको र अन्यायमा परेको महसुस गर्न थालेकी छिन् । अबको समयले आफू पनि छोरोजस्तै मानिस हो । पानीले भिज्यो भने बिरामी हुन्छ भन्ने चेतना उनमा जागिसकेको छ । कसैले तिमी पानीले भिज्यौ भने बिरामी हुन्छौ भनेर दया गरिरहनुपर्ने आवश्यकता छैन । आफ्नै जीवनभोगाइको कसरतबाट प्राप्त उनको ज्ञानले नै उनलाई छाता चाहिन्छ भन्ने बलियो सोच निर्माण गरिदिएको छ । त्यो अवस्थामा नितान्त मानवीय बन्दै छोरीले छोरालाई दिएको छाता खोस्न खोजेको होइन, आफूलाई पनि छाता चाहियो भनेर माग गरेको हो । त्यही शाश्वत मागलाई स्थापित गर्ने सन्दर्भमा छाता दिएर स्थापित गरेको आदिकविको स्थानजस्तै छाता दिएर आदिगद्यकारलाई स्थान दिइनुपर्छ भन्ने जिकिर हो । आदिकविलाई चलाउन खोजिएको होइन, आदिगद्यकारलाई स्थापित गर्नुपर्छ भन्ने कुरा हो ।

ललितत्रिपुरसुन्दरीको कर्मले निर्माण भएको उनका दुईवटा व्यक्तित्वमध्ये राजनीतिले स्थापित गरेको व्यक्तित्वभन्दा पनि 'राजधर्म'ले स्थापित गरिदिएको व्यक्तित्वबाट उनी चिरञ्जीवी बनेकी छिन् । त्यो साहित्यको शक्ति हो । 'राजधर्म'ले सुरक्षित राखिदिएको उनको आदिगद्यकारको साहित्यिक व्यक्तित्वको चर्चापरिचर्चा र विचारविमर्श यो पछिल्लो कालखण्डमा पनि जीवन्त र घनीभूत रूपमा चलिरहेको छ ।

### २.३ '**ललितत्रिपुरसुन्दरी**' **शब्दको भाषिक नृत्य**

ललितत्रिपुरसुन्दरीको जन्मका बारेमा विवाद हुँदै गर्दा पनि १८५० सालमा जन्मेको भनेर मानिएको त छ । तर जन्मेको महिना, बार र दिनको अत्तोपत्तो छैन । कसकी छोरी, कसको पुर्खा, कुन

जातको, तर नेपाली थिइन् (पृ.३१) भनेर पुष्टि गरिएको इतिहासको अनौठो पात्र बनेकी छिन् वा बनाइएकी छिन् 'ललितत्रिपुरसुन्दरी'।

एउटा प्राक्कल्पना मानसपटलमा भित्रिएको छ। दरबारमा राजकीय शैलीमा श्री ५ रणबहादुर शाहकी पाँचौँ पत्नी बनाएर भित्र्याइएकी ललितत्रिपुरसुन्दरी ? यो नामका लागि दिइएको शब्दले नै भाषिक नृत्य गरिरहेको देखिन्छ। कतै ललित, त्रिपुर र सुन्दरी तीनवटा नामहरू जोडजाड गरेर समस्त नाम बनाएको पो हो कि ? कतै विद्यालक्ष्मीबाट राजराजेश्वरी नयाँ नाम दिइएजस्तै उनको मौलिक नाम परिवर्तन गरिएर नयाँ नाम दिइएको पो हो कि ? कतै दरबारमा दासी बनाउन ल्याइएकी वा दरबारमा बेचिएकी वा पसाइएकी जेठी, माइली, कान्छी वा नौली नाम गरिएकी छोरीचेली त होइनन् ! उनको मौलिक स्वरूप र पहिरन परिवर्तन गराइएर भित्रिनी, दासी वा धाईका रूपमा देखाइएकी सुन्दरी त होइन ? 'प्रेमपिण्ड' नाटकको नौली वा सविताजस्तै ! आफ्नो आमाबाबु वा परिवारले बडो जतन र प्रेमले नामाकरण गरेको आफ्नो सन्तानको स्वाभाविक र मौलिक नाम उनी दरबार पस्नेबित्तिकै कत्ति सजिलै दरबारिया सोच र व्यवस्थाले हटाइदिने वा परिवर्तन गरिदिने गरेको छ। नेपालको राजनीतिक इतिहासमा त्यस्ता नाम फेरिएका पात्र धेरैधेरै नै छन्। कतै त्यही लहरमा कसैको नाम फेरिएकी ललितत्रिपुरसुन्दरी बनेको त होइन ! किन त एउटै डिकोमुनि रहेर सम्बोधन गरिएको नामलाई लेख्न खोज्दा वा लिप्यन्तरण गर्दा घरीघरी छुट्टिन खोज्दछ ! यो नाम तीन जनाको जस्तो लाग्दछ। नेपाली समाजमा ललित र त्रिपुर दुई नामहरूले पुरुषवाचक नामको प्रतिनिधित्व गर्दछ। ललितको स्त्रीवाचक नाम ललिता हो र त्रिपुरको स्त्रीवाचक नाम त्रिपुरा हो। यही नामवाचक शब्दलाई यहाँको लोकजीवनले मानेर आफ्ना सन्तान छोरीको नामाकरण ललिता र

त्रिपुरा भनेर गर्ने गरेको छ । तर यहाँ ती दुवै नामलाई जोड्दै अन्त्यमा मात्र स्त्रीलिङ्गी नामवाची शब्द सुन्दरीलाई जोडेर एउटै शब्द ललितत्रिपुरसुन्दरी बनाएको हुन सक्छ । यसले पनि गहिरो कौतूहल र जिज्ञासा सिर्जना गरिदिएको छ । उनका बारेमा अरू अध्ययन र अनुसन्धान गर्ने ढोका खोलिदिएको छ । यदि यो शब्दको बारेमा गहन अध्ययन र अनुसन्धान भयो भने उनका बारेमा लुकेका र लुकाइएका तथ्य अझ भेटिने सम्भावनालाई पनि यस पुस्तकले देखाइदिएको छ ।

## २.४. नरेन्द्रराज प्रसाईको अनुसन्धान विधि

सर्जकबाट लेखिएका लेख, रचना र पुस्तकलाई बेनामी भनेर सार्वजनिक गर्ने परम्पराले नेपाली साहित्य निकै भिजेको छ । राणाकालमा वाक्स्वतन्त्रतामा बन्देज लगाइएको अवस्थामा सर्जकको चैतन्यले देखेर त्यसप्रति असन्तुष्टि जनाउँदै लेख्ने प्रवृत्ति रहेको देखिन्छ । त्यस्तो अवस्थामा लेखक आफू बच्नका लागि बेनामी भनेर लेख्नु ठीकै हो । तर दरबारभित्रकै त्यसमा पनि राजकीय नायबी चलाइरहेकी शक्तिशाली महिला सर्जक वा लेखकको नाम 'राजधर्म'मा नलेखिदिनु निकै दुष्टचाइँपूर्ण काम देखिन्छ । त्यस्तै इतिहास चाहे त्यो राजनीतिक होस् वा सांस्कृतिक, सामाजिक वा साहित्यिक, तिनको मूल्याङ्कन गर्ने सन्दर्भमा स्थापित विद्वान्बाट त्यस्तैत्यस्तै विवादास्पद अभिव्यक्ति दिइने गरिँदा पाठक रनभुल्लमा पर्ने गरेका छन् । आजसम्म पनि जातीय, राजनीतिक, धार्मिक, वैचारिक दुराग्रहबाट साहित्यलेखन मुक्त हुन नसकेको स्थिति विद्यमान रहेकै छ । फलस्वरूप कतिपय लेखन वा स्थापित गरिएका सूचना वा निष्कर्ष एकपक्षीय, आंशिक वा अपूर्ण रहने गरेको छ । यही कुराले पोलेको देखिन्छ अनुसन्धाता नरेन्द्रराज प्रसाईलाई अनि अगाडि बढेको छ उनको ललितत्रिपुरसुन्दरीउपरको विशेष र फलदायी अनुसन्धानको यात्रा ।

२.४.१ **अनुसन्धानको पूर्वपीठिका**

'...म जसरी बाल्यकालदेखि नै मेरी आमा भागीरथा प्रसाईको वात्सल्यको प्रेरणाले जागरुक हुन्थेँ त्यसरी नै सचेत भएपछि पनि मातृजातिप्रति मेरो विशेष आदरभाव रह्यो । यिनै परिप्रेक्ष्यमा नेपाली समाजमा दोस्रो दर्जाको नागरिकसरहको उपेक्षा भोग्न बाध्य नारीजातिबारे केही गर्नुपर्छ भन्ने अन्तर्ध्वनिले मलाई घचघच्याइरह्यो... (पृ.१९) ।' लेखकबाट अभिव्यक्त भएको यो कुराबाट पुस्तक लेख्नुको उद्धेश्य र औचित्य स्थापित भएको देखिन्छ ।

जीवनीलेखनमा स्थापित नाम नरेन्द्रराज प्रसाईले धेरैको जीवनी लेखेका छन् । ती पनि अनुसन्धान नै हुन् । त्यही कार्यको अर्को शृङ्खलाका रूपमा यो पुस्तक देखिए पनि त्यसको लेखन र लेखनको परिस्थिति निकै फरक देखिन्छ । यो पुस्तकलेखनको अनुसन्धान विधिले जोखिमपूर्ण स्थलगत अध्ययन गरेको छ । योजनाबद्ध रूपमा लुकाइएका ललितत्रिपुरसुन्दरीसँग सम्बन्धित तथ्य र घटनालाई यो अनुसन्धानले सगौरव बाहिर ल्याइदिएको छ । त्यस्तै बडो मेहनत गेरर अभिलेखमा नाम नै नभएकी वा परिचयविहीन बनाइएकी ललितत्रिपुरसुन्दरीलाई चिनाउनका लागि विभिन्न स्रोत जुटाएर त्यसका आधारमा प्रसाईले उनको चित्र बनाउन लगाएका हुन् । यसबाट ललितत्रिपुरसुन्दरी कस्ती थिइन् होला, कस्ती रूपरङ्गकी थिइन् होला भनेर अनुमान, कल्पना गर्दै हात्ती छामेजस्तो अवस्थाबाट यस अध्ययनले मुक्ति दिलाएको छ । अनुसन्धानको विधि र त्यसको यात्रालाई गहिरिएर हेर्ने हो भने नेपाली साहित्यमा हुने गरेका अनुसन्धान विधि र यात्रामा यसले अब्बल खालको अनुसन्धान विधि र प्रक्रियालाई नमुनाका रूपमा अगाडि ल्याइदिएको छ ।

२.४.२ **नारीस्रष्टालाई स्थापित गर्नुपर्छ भन्दै लागिपर्ने साहित्यिक योद्धा**

ललितत्रिपुरसुन्दरीलाई प्रथम नारीस्रष्टा भनेर स्थापित गर्न पुरुष नरेन्द्रराज प्रसाई किन यसरी लागिपरेका होलान् ? जिज्ञासा

आंशिक रूपमा सान्दर्भिक देखिन्छ । तर गहिरिएर उनको अनुसन्धान कार्यमाथि चिन्तन गर्ने हो भने उनले यो काम गर्छु भनेर निर्णय लिँदा र उनलाई स्थापित गर्ने तथ्यको अन्वेषणमा लागिरहँदा 'ऊ कहाँ व्यक्ति वा पुरुष नरेन्द्रराज प्रसाई थिए र !' त्यस्ता उत्कृष्ट कार्यका लागि चिन्तन गर्ने बेलामा जोसुकै सर्जकको चिन्तक कुनै लिङ्गीय परिचयमा उत्रिरहेको हुँदैन हुन्छ । पितृसत्ता त एउटा सोच हो, त्यो सोचलाई मान्ने महिला पनि पितृसत्ता हो । आफ्नो वर्गलाई पीडित बनाएर सधैँ पछाडि पार्ने त्यो सोच र चिन्तनलाई मानेर त्यसलाई अझै बलियो र सक्रिय रूपमा व्यवहारमा परिणत गराएर त्यसैलाई निरन्तरता दिने महिलालाई पितृसत्ता होइन भनेर मान्न सकिन्छ । त्यस्ता कतिपय महिला परिवार र समाजमा सक्रिय देखिएका प्रशस्त उदाहरण छन् । उनको त्यस्तो व्यवहारले देश र समाज अनि परिवारको हरेक तप्कालाई निकै गाँजिरहेको छ ।

नरेन्द्रराज प्रसाई पुरुषवर्गको प्रतिनिधि पात्र ! पुरुष भएर पनि नारी लेखकलाई स्थापित गर्न किन लागिपरेका छन् उनी ! महिला स्रष्टालाई उपयुक्त सहज वातावरण बनाइदिएर उनको लेखकीय व्यक्तित्वलाई स्थापित गरिदिन लागिपर्ने प्रसाई कसरी पितृसत्ता बन्न सक्छ ! निःस्वार्थ र पूर्वाग्रहरहित भएर काम गर्दा व्यक्ति त्यो उच्च स्थान वा सुपर कन्ससको स्थितिमा पुग्दछ, जसले उसलाई नितान्त मानवको तहमा स्थापित गरिदिएको हुन्छ । त्यति बेला न ऊ लिङ्गहीनताको अवस्थामा पुग्दछ । ऊ न पुरुष हुन्छ, न महिला । लेखकको रूपमा नाम लेख्नुपर्दा मात्र नारी र पुरुषको प्रतिनिधित्व गरेको हुन्छ । ठीक त्यही अवस्थाबाट गुज्रेका छन् अन्वेषक प्रसाई । उनी काम गर्दा विशुद्ध मानव मात्र बन्ने गरेका छन्, न नारी न पुरुष ।

समयको जुनसुकै कालखण्डमा किन नहोस्, त्यति बेला भएका कुनै पनि तरङ्ग चाहे त्यो नारी वा पुरुष, जसबाट भएको होस् त्यसको सम्बोधन हुनुपर्छ । त्यसलाई तथ्य र प्रमाणसहित स्थापित

गरिनुपर्छ भनेर लागिपरेका स्रष्टा हुन् उनी । त्यही धारमा टेकेर 'नारीलेखनलाई स्थापित गरिनुपर्छ' भन्दै बनेको उनको आफ्नो मूल्य र मान्यतालाई गन्तव्यमा कार्य रूपमा परिणत गराउने काम भइरहेको देखिन्छ । उनी नारीस्रष्टाबारे लेख्छन् र उनलाई स्थापित गर्न लागिपर्छन् भन्ने कुराको प्रामाणिक उदाहरण 'प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरी' जीवनी कृति मानिन्छ । यसका लागि परिश्रम गर्दै गर्दा प्रसाईको चेतनाले उनलाई त्यत्तिकै थाकेर बस्न दिएको छैन । उनको कामको निरन्तरतालाई हेर्दा उनको भनाइ र काम गराइमा द्वैधता देखिँदैन ।

जीवनीलेखनको अर्को शृङ्खलाका रूपमा अनुसन्धान गरेर लेखिएको उनको यो कर्मले माथिका कुरालाई पुष्टि गर्दै 'प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरी'लाई केन्द्रमा ल्याइदिएर प्रसाईले ऐतिहासिक छलाङ मारेका छन् । त्यस्तो चरैवेतिको यात्रा गर्दा 'पितृसत्ताले महिलालाई उठ्नै दिँदैनन्' भन्ने भाष्यलाई उनको यस्ता कामले चुनौती दिएको छ । नितान्त मानवको चिन्तनमा रहेर उनले आफ्नो कामको माध्यमबाट 'राजधर्म'का लेखक ललितत्रिपुरसुन्दरी नै हुन् भन्ने आधिकारिक र प्रामाणिक तथ्यसहित यो पुस्तक प्रकाशनमा ल्याएका छन् । विशुद्ध मानवीय संवेदनाका साथमा 'राजधर्म'का लेखक ललितत्रिपुरसुन्दरी नै हुन् भन्नका लागि उनले गरेका खोजअन्वेषणको विधि निकै गहन, जिम्मेवार र अर्थपूर्ण देखिएको छ । यो पुस्तकलेखनका लागि सामग्री सङ्कलनमा धेरै समय खर्चेका प्रसाईले ललितत्रिपुरसुन्दरीसँग सम्बन्धित प्रामाणिक तथ्यका आधारलाई समेटेर त्यसलाई पुस्तकको आकारमा निकालिछोडेका छन् र आफ्नो अनुसन्धान कार्यलाई सुरक्षित गन्तव्यमा पुऱ्याएका छन् ।

त्यसको माध्यमबाट नेपाली साहित्यमा नारी लेखक स्थापित हुनुपर्छ भन्ने कुराको मागलाई ब्युँताइरहेको आजको समयमा त्यही भाष्यलाई स्थापित गर्दै जीवनीकृतिको यो तेस्रो संस्करणले नेपाली

साहित्यको भण्डारमा पदार्पण गरेको छ । यो नेपाली संस्कृति र साहित्यका लागि निकै सुखद समय हो ।

२.४.३ **अनुसन्धान विधि र पुस्तकप्रशस्ति**

पुस्तकको लेखकीय खण्डमा (पृ.१९–२७) 'निक्कै वर्ष लगाएर मैले ललितत्रिपुरसुन्दरीको अभिलेख तयार गरेँ' (पृ.२२) भन्ने सन्दर्भ आएको छ । त्यहाँ लेखक प्रसाईले 'नारीचुलीमा आइसकेको नामलाई अझ विस्तृत विवरण र प्रामाणिक तथ्यसहित लेख्नुपर्छ' भन्ने कुराबाट अभिप्रेरित भई योजनाबद्ध रूपमा अन्वेषणको कार्यलाई अगाडि बढाएको कुरा बताएका छन् । त्यहाँ व्यक्त गरिएका कुराले अनुसन्धानका लागि उनले प्रयोग गरेको विधि स्पष्ट रूपमा देखिन्छ । अनुसन्धानका क्रममा उनले स्थलगत भ्रमण, अन्तर्वार्ता र सान्दर्भिक पुस्तकको अध्ययन गरेको देखिन्छ । आफूले ललितत्रिपुरसुन्दरीका बारेमा लेखेका रचना कमल दीक्षितलाई देखाउने, 'शारदा'मा छपाउनेजस्ता कार्यको विवरणबाट आफूले ललितत्रिपुरसुन्दरीका बारेमा लेखेका विभिन्न समयका फुटकर रचनाहरूको पूर्वपरीक्षण वा प्रिटेस्ट गरेको कुरालाई पुष्टि गर्दछ । साथै त्यहाँ इतिहासकार प्रा.दिनेशराज पन्तको सहयोग लिइएको पनि उल्लेख भएको छ । यसबाट देशका दिग्गज विद्वान्हरूको बौद्धिक खुराक लिएर आफ्नो अनुसन्धानलाई पूर्णता दिई पुस्तक प्रकाशनमा आएको सन्दर्भ पनि उल्लेख्य बनेको छ । ललितत्रिपुरसुन्दरीका बारेमा छरिएको अवस्थामा रहेका विभिन्न विद्वान्का भनाइहरूलाई सान्दर्भिक स्रोत र उद्धरण दिँदै त्यसका बारेमा उठेका विवाद शङ्कालाई खण्डन र त्यसको निवारण गर्दै लेखनलाई अगाडि बढाइएको छ ।

नरेन्द्रराज प्रसाईले ठोस तथ्यलाई एकै ठाउँमा ल्याएर त्यसैका आधारमा ऐतिहासिक घटनाको व्याख्या र विश्लेषण गर्दै जीवनीलेखनको मौलिक प्रस्तुति दिएका छन् । पादटिप्पणीमा

दिइएका तथ्यले अनुसन्धानलाई आधिकारिकताको बाटामा प्रवेश गराएको छ । त्यसबाट अनुसन्धानले प्रामाणिकता प्राप्त गरेको देखिन्छ । यसले भविष्यमा गरिने वास्तविक अनुसन्धानका लागि सहयोग पुऱ्याउने देखिन्छ । त्यस्ता ऐतिहासिक तथ्यलाई प्रस्तुत गर्दै त्यसका माध्यमबाट ललितत्रिपुरसुन्दरीलाई सगौरव जनसमक्ष पुऱ्याउने काम 'प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरी' पुस्तकले गरेको छ । तर सान्दर्भिक तथ्यका लागि प्रयोग गरिएका पुस्तकका अंशको पृष्ठसङ्ख्या भने दिइएको छैन । त्यो अपेक्षित रहेको छ ।

**क. भूमिकामा गोविन्द भट्टको चिठी**

नरेन्द्रराज प्रसाईबाट ललितत्रिपुरसुन्दरीका सम्बन्धमा लेखिएको लेखका बारेमा गोविन्द भट्टले सकारात्मक प्रतिक्रियास्वरूप उनलाई २०६४ साल वैशाख २८ गते चिठी लेखेका छन् (पृ.११–१८) । उक्त चिठीलाई यस पुस्तकको भूमिकामा जस्ताको तस्तै राखिएको छ । यसले पूरै पुस्तकलाई रोचक बनाइदिएको छ । फुटकर रचनाको माध्यमबाट ललितत्रिपुरसुन्दरीको बारेमा आंशिक रूपमा मात्र चर्चा गरिने परिपाटीलाई अन्त्य गर्दै अब उनका बारेमा गहन अध्ययन र अन्वेषण गरिनुपर्छ भन्ने प्रेरणा लेखकलाई दिइएको छ भन्ने कुराको प्रमाणका लागि पूरै चिठीको पूरै अंशलाई त्यो स्थान दिइएको हो भन्ने बुझिन्छ । ललितत्रिपुरसुन्दरीका बारेमा जेजति प्राप्त सामग्री छन्, त्यसैका आधारमा जेजति लेखिएका छन्, त्यसैलाई मात्र सही मान्दै त्यति मात्र तथ्यमा टेकेर उनका बारेमा हुने गरेका विवादलाई टुङ्ग्याउनुपर्छ । उनको परिचयका बारेमा अझ खोज गर्न सकिने र उनका बारेमा निर्विवाद रूपमा स्पष्टता ल्याएर परिचित गराउन सकिने सम्भावना रहेको कुरा त्यस चिठीमा भनिएको छ । प्रसाईको त्यो कामलाई अझ निरन्तरता दिनुपर्छ भन्ने आशय उक्त चिठीमा रहेको देखिन्छ । यसरी चिठीले लेखकलाई ललितत्रिपुरसुन्दरीसँग सम्बन्धित अनुसन्धानको काम अगाडि बढाउन उत्प्रेरित गरेको छ ।

यसबाट उक्त चिठीलाई भूमिकाका रूपमा स्थान दिनुको औचित्य स्पष्ट हुन पुगेका छ ।

**ख. पुस्तक आवरण र क्यालेन्डरमा भएको चित्र**

पुस्तकको आवरणको फोटो काल्पनिक हो भनी लेखिएको छ । फोटो वा कुनै पनि भौतिक प्रमाण नछोडिएको र 'राजधर्म'मा लेखकको नाम राख्नै नचाहेको वा राख्न नदिएको स्थितिमा ललितत्रिपुरसुन्दरीको सांस्कृतिक र ऐतिहासिक व्यक्तित्व हराएर जाने नमीठो सम्भावना थियो । तर नरेन्द्रराज प्रसाईको अर्जुनदृष्टि र लगातारको कठिन मेहनतले त्यो सम्भावना टरेर गएको छ । अन्वेषक प्रसाई आफैँले उनको तस्बिर बनाउन लगाएका छन् र देश र समाजलाई 'ललितत्रिपुरसुन्दरी यस्ती थिइन्' भन्ने कुरा देखाइदिएको छ ।

ललितत्रिपुरसुन्दरीको तस्बिर कस्तो बनाउने होला भन्ने सन्दर्भमा काठमाडौँको राष्ट्रिय सङ्ग्रहालय र त्रिपुरेश्वर महादेव मन्दिरमा स्थापित रानी ललितत्रिपुरसुन्दरीको सालिकको अवलोकनका साथै उनको अनुहारबारे सुन्दरानन्द बाँडाकृत 'त्रिरत्न सौन्दर्य गाथा'मा 'साक्षात् भगवती जगदम्बा' र वाणिविलास पाण्डेद्वारा 'बहुत सौन्दर्यले युक्त भयाका कैलासविषे विराजमान भयाकी साक्षात् पार्वती जस्ता सुन्दरी' लेखिएका आधारमा ललितत्रिपुरसुन्दरीको मुहारअङ्कित चित्र नरेन्द्रराज प्रसाईको परिकल्पना तथा निर्देशनमा इन्द्र खत्रीद्वारा निर्मित भएको हो (पृ.८७) । नइ प्रकाशनबाट ललितत्रिपुरसुन्दरीको मुहारअङ्कित चित्र प्रकाशनमा आउनुअघि उनको चित्र बनेको थिएन (पृ.८) ।

एकबाट दुई बनाउन सजिलो छ । तर शून्यबाट एक बनाउन निकैनिकै नै गाह्रो हुन्छ । ललितत्रिपुरसुन्दरीको तस्बिर निर्माणको प्रक्रिया एकबाट दुई बनाउनु होइन, शून्यबाट एक बनाउनु नै भएको छ । अन्वेषक प्रसाईले यस्तो उपहार दिएर नेपाली संस्कृति र साहित्यलाई ठूलो गुन लगाएका छन् । चित्रलाई नियालेर हेर्दा

ठकुरी क्षत्री वा आर्यखसभन्दा पनि बेग्लै स्वरूपको रहेको नेवारजस्तो, तामाङजस्तो पनि लाग्ने देखिन्छ ।

### ग. बनारसको ललिताघाट

ललितत्रिपुरसुन्दरीको जीवनसँग जोडिएको प्रसङ्ग नेपालभित्र मात्र नभएर नेपालबाहिर भारतको काशी वा बनारससम्म फैलिएको देखिन्छ । नेपाल र भारतको सांस्कृतिक सम्बन्धलाई जीवन्त राख्ने इतिहास बोकेको काशीको ललिताघाट । नेपालीले गर्ने तीर्थयात्रामा महत्त्वका साथ प्राथमिकतामा पर्ने काशी । अनि जीवनको उत्तरार्धमा काशीवास जाने सांस्कृतिक अनुष्ठान । भागीरथी गङ्गानदीको तटमा जीवन्त भएर स्थापित भएको ललितत्रिपुरसुन्दरीको कीर्तिस्तम्भले जनजीवनको तहमा नेपाली र भारतीय जनताको मुलायम, प्रेमिल र स्वार्थरहित आपसी सम्बन्ध परापूर्वकालदेखि रहेको सन्देशलाई सगौरव प्रवाह गरिरहेको छ (पृ.९५) । ललिताघाटबारेको शिलालेखमा भारतको उत्तरप्रदेश, पर्यटन, वाराणसीको बेहोरा यस्तो रहेको छ :

**ललिता घाट**

मां गंगा के पावन तट पर मीरघाट एवं जलाओ नी घाट के मध्य ललिता तीर्थ तथा घाट के ऊपर गली मे ललिता देवी का मन्दिर (डी 1/66) होने से इस घाट का नाम ललिता घाट हुआ । बीसवी सदी ई के आरम्भ तक यह घाट तीन भागों में क्रमश: नेपाली घाट ललिता घाट एवं राज राजेश्वरी घाट के नाम से जाना जाता था । कालान्तर में नेपाली एवं राज राजेश्वरी घाटों का स्वतत्रं अस्तित्व समाप्त होगया । घाट पर स्थित प्रमुख भवनों में सिद्धि गिरि मठ (डी 1/58) उमराब गिरि मठ (सीके 10/35) मोक्ष भवन तथा नेपाल के राजा द्वारा निर्मित नेपाली काठी (काष्ठ निर्मित) मुख्य है । एवं प्रमुख मन्दिरों में ललिता देवी तथा राज राजेश्वरी (पगोडा शैली) मन्दिर है । काशी में स्थित नेपाली मंदिर पशुपति नाथ मंदिर (काठमांडू नेपाल) का प्रतीक है ।
सौजन्य से: उ.प्र.पर्यटन, वाराणसी । (पृ.९५)

ललिताघाटमा भएको माथिको विवरणले घाट, मन्दिरनिर्माण र त्यसको महत्त्वलाई स्थापित गरिदिएको छ । भारतको भूमिमा नेपाली मन्दिरको स्थापना हुनुले नेपाल र भारतबीचको सांस्कृतिक

सम्बन्धलाई उजागर गरिरहेको छ । लोकजीवनको स्तरमा जीवनको उत्तरार्धमा काशीवास जाने परम्परा त्यही सांस्कृतिक विश्वासका कारण भएको थियो । आजसम्म जीवन्त रहेको श्रद्धापूर्वक काशीको तीर्थयात्रा गर्नु नेपालीको जीवनमा महत्त्वपूर्ण कार्य बनेको छ ।

**घ. भूमाफियाको भयानक र रोचक प्रसङ्ग**

माथि ग. मा वर्णन भएको शिलालेखभित्रको '...कालान्तर में नेपाली एवं राज राजेश्वरी घाटों का स्वतंत्र अस्तित्व समाप्त हो गया ।...' (पूर्ववत्) भन्ने तथ्यले ललिताघाटको अस्तित्व हराएको कुरालाई पुष्टि गरेको देखिन्छ । घाटको अस्तित्वमा टेकेर त्यसको सत्यतथ्य लुकाएर अरूले नै प्रयोग गरिरहेको कुरा त्यही शिलालेखभित्रको अर्को तथ्य '...घाट पर स्थित प्रमुख भवनों में सिद्धि गिरि मठ (डी 1/58 ) उमराव गिरि मठ (सीके 10/35) मोक्ष भवन...' (पूर्ववत्)ले पुष्टि गरेको छ ।

यो सन्दर्भलाई पुष्टि गर्ने अर्को प्रसङ्ग यस्तो रहेको छ–

वाराणसीको रजिस्ट्रारको कार्यालयमा सन् २०१८ जनवरी १९ मा 'साम्राजेश्वर पशुपतिनाथ महादेव मन्दिर तथा धर्मशाला सञ्चालक समिति (ट्रस्ट)बाट प्रदत्त निवेदनमा लेखिएको छ– 'ललिता घाट, दशाश्वमेध, शहर वाराणसी मित्रराष्ट्र नेपाल की सम्पत्ति है व भारत तथा नेपाल देश के बीच साझा सांस्कृतिक पुरातात्त्विक विरासत है । जिस पर गजानन्द सरस्वती उर्फ गुलाब राय यादव ने नगर निगम, वाराणसी के कर्मचारियों से मिली भगत करते हुए मृतक नेपाली नागरिक श्रीरामपरशुराम वैद्य को अपना पिता बताते हुए फर्जी, जाली दस्तावेजो की कूट रचना करते हुए अवैध रूप से श्रीरामपरशुराम वैद्य का मृत्यु प्रमाणपत्र बनवा लिया है... (पृ.१००) ।'

त्यस्तै अर्को तथ्य 'नेपाल सरकारको पुरातत्त्व विभागले संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई पत्र लेखी साम्राज्येश्वर

पशुपतिनाथ महादेव मन्दिर तथा धर्मशाला सञ्चालक समिति (ट्रस्ट) ललिताघाट, वाराणसी, भारतलाई बोधार्थ दिएको बेहोरा अनुसार गुलाब यादवले त्यहाँ दुक्ख दिइरहेको पाइन्थ्यो । पत्रमा 'मन्दिरपरिसरमा अवैध रूपले बस्तै आएका गजानन्द नाम गरेका व्यक्तिले मन्दिर र धर्मशालाको व्यवस्थापनमा अनेक प्रकारका व्यवधान खडा गर्दै धर्मशालाको व्यवस्थापनमा संलग्न व्यक्तिहरूलाई डर, धम्की देखाउँदै आएको गुनासो खुलाइएको छ । ...धर्मशाला सञ्चालक समितिका पदाधिकारीहरुलाई सुरक्षापूर्ण अनुभूति र मार्गदर्शन हुनसमेत अत्यावश्यक हुने देखिएको' लेखिएको छ । तर यसउपर सरकारी पक्षबाट केही कदम चालेको पाइएको थिएन (पृ.१०३) ।'

हत्तपत्त कसैले पनि भेट्न नसक्ने गरी लुकाइएको त्यो तथ्य, वा तीर्थयात्रीले त यो समयमा आएर झन् कहाँबाट थाहा पाउनु र ! अनुसन्धानका लागि त्यस्तो भयानक चुनौतीलाई अवसरका रूपमा लिएर बडो चलाखीपूर्ण तवरले मेहनत र संयमित भएर गरिएको खोज र त्यसको प्राप्तिको कुरा बडो रोचक देखिन्छ । २०७२ साल चैत १७ गते प्रसाईदम्पती बनारसको ललिताघाट पुगेको घटनाविवरण निकै जोखिमपूर्ण र भयानक देखिन्छ । आफूले बनाएको रणनीतिअनुसार गजानन्द सरस्वती उर्फ गुलाब राय यादवको पञ्जाबाट ललितत्रिपुरसुन्दरीको र उनले स्थापना गरेका प्रामाणिक मूर्तिहरूको तस्बिर खिच्न नरेन्द्रराज प्रसाई सफल भएका छन् । तिनै तस्बिरलाई पुस्तकभित्र (पृ.९७–१०१) स्थान दिएर सार्वजनिक गरिदिएका छन् । पुस्तक लेखनका सन्दर्भमा आफूले अनुसन्धान गरेर प्राप्त गरेको सूचनालाई दिइएको पादटिप्पणीमा दिइएका त्यस्ता तथ्यले अध्ययनलाई अरू प्रामाणिक बनाउन सहयोग गरेको छ । यसबाट अनुसन्धानमा गरिएको मेहनत देखिन्छ, जसबाट पुस्तकले ओजिलो गहनता प्राप्त गरेको छ । साथै यो लेखमा फेरि केही तिनै

सन्दर्भलाई उठाएर राख्नुको उद्धेश्य र औचित्य के हो भने पाठकले मूल पुस्तक 'प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरी' नभेटाएको अवस्थामा वा प्राप्त नगरेको अवस्थामा लेख आफैँले पनि आधिकारिकता प्राप्त गरोस् भन्ने हो ।

बनारसमा तीर्थ जानेले 'ललिताघाट' भनेर त देख्ने गरेका छन् । नेपाली धर्मशाला पनि देख्ने गरेका छन् । तर त्यसको ऐतिहासिक महत्त्वका बारेमा सामान्य तीर्थयात्रीलाई जानकारी दिने सूचना आधिकारिक रूपमा त्यहाँ राखिएको देखिँदैन । नेपाल र भारतको धार्मिक सांस्कृतिक सम्बन्धलाई आजसम्म पनि उजागर गरिरहेको त्यो घाट तिनै रानी ललितत्रिपुरसुन्दरीको नाममा रहेको छ भन्ने कुरालाई यस अध्ययनले राम्रैसँग पुष्टि गरेको छ (पृ.२६–२७) ।

**ङ. जोरधरहराको प्रसङ्ग**

'प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरी'नामक कृतिमा उल्लेख भएको त्यही धरहराको मौलिक स्वरूप 'जोरधरहरा'को प्रसङ्ग निकै रोचक देखिन्छ । त्यो जोडी वा दुईवटा धरहरामा एउटा भीमसेन थापाले बनाएको र अर्को ललितत्रिपुरसुन्दरीले बनाएको कुरा लेखिएको छ (पृ.९०) । यस पुस्तकले जोरधरहराका बारेका दिएको सूचना त्यही सांस्कृतिक जानकारीअन्तर्गत पर्दछ ।

साहित्यिक अनुसन्धानले सांस्कृतिक सूचना पनि दिने गर्दछ । यो पुस्तकले साहित्यिक विधाको जीवनीधारमा आफूलाई उभ्याएको त छ नै । तथापि 'ललितत्रिपुरसुन्दरीको मूल्य र मान्यताका आवश्यकीय जानकारी बाहिर आउन नसकेको अवस्थामा ...यस कृतिमा तत्कालीन नेपालको छोपिएको इतिहास, पुरातत्त्व र सामाजिक सेवासम्बन्धी खोजपूर्ण तथ्यहरू रहेकाले यस कृतिले प्रतिष्ठा पाएको छ भन्ने कुरा पनि त्यत्तिकै दरिलो कार्यका रूपमा स्थापित भएको छ (वाङ्मय शताब्दी पुरुष डा.सत्यमोहन जोशी, आवरणको पछाडिको पृष्ठ) । त्यस भनाइले ललितत्रिपुरसुन्दरीको सांस्कृतिक व्यक्तित्वलाई पुष्टि

गरेको छ । पुस्तकका बारेमा धेरै विद्वान्ले धेरै किसिमका कुरा भनेका छन् वा होलान् । तर जोशीको यो भनाइबाट अन्वेषक वा लेखक छोइएका छन् । जोशी र प्रसाईका बीचको संवेदनाले समन्वित मिलन वा भेटघाट गरेको छ । त्यसैले यो महत्त्वपूर्ण भनाइलाई त्यहाँ स्थान दिइएको छ ।

यस पुस्तकले जोरधरहराका बारेका दिएको सांस्कृतिक सूचना र जानकारीले देशको गौरवका रूपमा रहने गरेका तर हराएका र हराउन लागेका सांस्कृतिक सम्पदाको पुनस्थापना हुनुपर्छ भनेर पछिल्लो पुस्ता लागिपरेको बेलामा तल लेखिएका कुरालाई स्थापित गर्नु सान्दर्भिक देखिएको छ । किनभने अनुसन्धानबाट प्राप्त भएका सांस्कृतिक तथ्यले हराएका अर्को सांस्कृतिक पुनस्थापनाका लागि बाटो देखाइदिने गर्दछ । त्यही सामर्थ्य यो पुस्तकले प्राप्त गरेको छ । त्यसैले यहाँ ललितत्रिपुरसुन्दरीको सन्दर्भ मात्र रहेन । त्यसले संस्कृति र इतिहासको लुकेको र हराएको अर्को पाटो खोलिदियो कि काठमाडौँको सुन्धारानिरको धरहरा एउटा होइन, दुइटा थियो जसलाई 'जोरधरहरा' भनिन्थ्यो ।

पुस्तकले दिएको धरहरासम्बन्धी सूचनाले अहिलेको समयमा निकै सान्दर्भिकता प्राप्त गरेको छ । तीन पटकका ठूलाठूला भुइँचालो खेपेर पटकपटक जीर्णोद्धार हुँदै आएको धरहरा २०७२ साल वैशाख महिनाको चौथो भुइँचालोले निमिटचान्न पारिदिएको अवस्था रह्यो । अहिले धरहरा भनेर निर्माण गरिएको त्यो वस्तु मौलिक धरहराको सौन्दर्य र सुगन्धविहीन अग्लो टावर मात्र बनेको छ ।

काठमाडौँ महानगर पालिकाका मेयर बालेन शाहले धरहराका बारेमा दिइरहेको टिप्पाणी र धारणा यहाँ चर्चा गर्नु सान्दर्भिक देखिन्छ । यसका बारेमा दिइएका उनको महत्त्वपूर्ण ऐतिहासिक आफ्नो धारणा डिजिटल पेज फेसबुक वा मुहारपुस्तिकामा पटकपटक आइरहेको छ । प्रसाईको पुस्तक अध्ययन गर्दै गर्दा देखिएको र

पढिएको उनको धारणालाई सही थाप्दै त्यसलाई अऊ बलियोसँग टेवा दिनुपर्छ भन्ने जागरणले जोरधरहराको सान्दर्भिकताको प्रस्तुति यहाँ भएको हो । अहिले बनेको धरहरालाई बालेन शाहले 'टावर' भन्ने गरेका छन् । त्यत्रो मोटो आकारमा निर्माण भएको त्यति अग्लो प्राचीन धरहराको सांस्कृतिक र ऐतिहासिक महत्त्व रहेको छ, जहाँ सुर्खी, इँटा र चुनाजस्ता स्थानीय निर्माण सामग्री प्रयोग भएका छन् । त्यसले नेपाली वास्तुकला र कलाकौशलको महत्त्व बोकेको थियो । नेपाली कलाकौशलले त्यत्रो त्यति अग्लो धरहरा कसरी बनायो होला भनेर विदेशी पर्यटक र वास्तुकारले सांस्कृतिक महत्त्वका साथ हेरिने कुरा हो । तर भूकम्पपछि बनेको टावर त्यसरी निर्माण भएन भन्ने जनता र काठमाडौँका मेयरको गुनासो रहेको छ ।

त्यस्तै कोही आफन्त वा छिमेकी मरेको अवस्थामा तिनको मलामी गएर फर्केपछि चोखिनका लागि खानुपर्ने सुनधाराको पानीको सांस्कृतिक महत्त्व फेरि बेग्लै रहेको छ । त्यसलाई बचाउनुपर्छ भन्ने अर्जुनदृष्टि लिएर अगाडि बढिरहेका दूरदर्शी युवाको जोसिलो सांस्कृतिक विकासयात्रालाई टुङ्गोमा पुऱ्याउन लागिपरेका युवानेताको बीचमा यस पुस्तकले उठाएको जोरधरहराको कुरा राख्नुपर्ने हुन्छ । किनभने साहित्य पनि आमसञ्चारको माध्यम हो, जसले सांस्कृतिक सूचना र सन्देशलाई 'राजधर्म'ले बचाएजस्तै चिरकालसम्म बचाएर राख्ने क्षमता राख्दछ ।

धनकुटा तल्लोकोप्चेस्थित तल्लो टुँडिखेलको उत्तर सिमानामा आज पनि दुईवटा धरहरा समउचाइमै अवस्थित रहेको छ । आजसम्म दुईवटा धरहरा त्यहाँ किन बनाइएको हो भनेर लोकजीवनले त्यत्ति चासो र जिज्ञासा देखाएको पाइँदैन । यसबारेका एउटा किंवदन्ती रहेको भने देखियो । देवशमशेरलाई सजायका रूपमा धनकुटा धपाइएपछि उनी त्यहाँ रहँदा १९५८ सालतिर त्यो धरहरा बनाएका हुन् । उनले काठमाडौँमा त एउटा मात्र

छ । 'मलाई धपाएर के भो र तत्कालीन शासनको पूर्व गौँडा धनकुटामा दुईवटा धरहरा बनाएँ' भनी आफ्नो क्षमता प्रदर्शन गरेका हुन् भन्ने भनाइ देखिन्छ ।

यसैबारे अर्को भनाइ पनि प्रचलित रहेको छ । धनकुटाका युवाहरू काठमाडौँ आएर धरहरा हेरेपछि भनेका थिए रे– 'काठमाडौँमा त एउटा मात्र धरहरा रहेछ । धनकुटामा त दुइटा छन् ।' यो कुरा सुनेर धनकुटाको त्यो जोडी धरहरा कस्तो रहेछ भनी हेर्न काठमाडौँबाट दुई जना युवालाई पठाएछन् । त्यति बेला धनकुटा हिँडेर जानुपर्ने जाँदा धरानको फुस्रेबाट उकालो चढी विभिन्न डाँडाको उकालीओराली चढ्ने क्रममा चिउरीबासको उकालो पुग्दा लखतरान परेका उनीहरू धनकुटा जाने हिम्मत नगरी फर्केको कुरा सुनिनमा आउने गरेको छ (मैले इतिहासकार प्रा.डा.टेकबहादुर श्रेष्ठसँग गरिएको कुराकानीमा आधारित) । अहिले पनि धनकुटाका मानिस काठमाडौँ आएर धरहरा हेरेर फर्केपछि जानेर नजानेर सगर्व भन्ने गरेका छन्– 'काठमाडौँमा त एउटा धरहरा छ, धनकुटामा दुईवटा ।' त्यस्तै धनकुटामा दुईवटा धरहरा छ भनी रमाउने काठमाडौँमै बसोबास गरेका धनकुटेली पनि भेटिए ।

साहित्यिक दृष्टिले उनका बारेमा त्यत्ति उल्लेख र चर्चा नभएको परिप्रेक्ष्यमा प्रसाईबाट अठोटका साथ महारानी ललितत्रिपुरसुन्दरी नै 'राजधर्म'की सर्जक हुन् भन्ने ठोकुवा गरेर निकै अनुसन्धानमूलक र तर्कप्रमाणसहित लेखिएको सो प्रबन्ध पठनीय र सूचनामूलक रहेको कुरा विद्वान् अन्वेषक कमल दीक्षितले आफ्नो त्यस सम्पादकीय टिप्पणीमा विशेष रूपले औँल्याएका छन् । उक्त बेहोरा युक्तिसङ्गत निष्कर्षका रूपमा देखिएको छ । त्यसमा स्वयम् जगदम्बा प्रकाशनले २०१९ सालमा 'राजधर्म' प्रकाशित गर्दा त्यसको लेखक (अनुवादक)बारे पक्कापक्की केही भनिहाल्ने साहस गर्न नसकेको अवस्थाको पनि स्मरण गर्दै दीक्षितले अहिले आएर यस

विवादास्पद विषयको टुङ्गो लगाइदिने दिशामा उनले देखाएको अठोट र गरेको ठोस योगदानलाई सहर्ष स्वीकार गरेका छन् (पृ.११–१२) । दीक्षितजस्तो विद्वान् अन्वेषकको यस मन्तव्यले पनि नेपाली साहित्यमा विवादास्पद भएर लामो कालदेखि रहिआएको एक महत्त्वपूर्ण विषयमाथि गरिएको अनुसन्धान र उनले प्राप्त गरेको सफलताको उच्च मूल्याङ्कन हुन पुगेको छ ।

त्यस्तै ईश्वरवल्लभको '...प्रसाई जीवनीलेखक त हुन् तर उनी केवल जीवनी लेख्ने स्रष्टा मात्र होइनन्; लुकेका र हराएका प्रतिभालाई समेत इतिहासको गर्तबाट खोजेर र झिकेर समाजसामु ल्याउँछन् । एउटा सिङ्गो संस्था, सरकार या राष्ट्रले गर्ने काम भाइ नरेन्द्रले सजिलैसँग गरिदिएका छन् । ...ललितत्रिपुरसुन्दरी नेपाली भाषालेखनमा भानुभक्तभन्दा अगाडि उदाएकी थिइन् । प्रथम नारीस्रष्टाको उल्लेख मात्र नगरी दरिलो प्रमाण र पुष्टिका साथ रानी ललितत्रिपुरसुन्दरीको उपस्थिति प्रत्याभूत गरेर उनी नै नेपाली साहित्यकी प्रथम नारी हस्ताक्षर हुनुको तात्पर्य बोधसमेत कृतिले प्रस्तुत गरेको छ' भन्ने भनाइले उनको साहित्यिक व्यक्तित्वलाई पुष्टि गरेको छ । यसरी मेरो पठनबाट प्राप्त भएको विवेचना र मूल्याङ्कनबाट स्पष्ट रूपमा निर्माण भएको ललितत्रिपुरसुन्दरीका दुई छुट्टाछुट्टै व्यक्तित्वमध्ये जोशीको भनाइले उनको सांस्कृतिक व्यक्तित्वलाई प्रमाणित गरेको छ भने साहित्यिक व्यक्तित्वलाई ईश्वरवल्लभको भनाइले प्रमाणित गरिदिएको छ । पठनचिन्तनको दृष्टिले हेर्दा यहाँ अग्रज आदरणीय व्यक्तित्व सत्यमोहन जोशी र ईश्वरवल्लभको विचारसँग मेरो पठनसंवेदनाले समन्वित मिलन गरेको पुष्टि भएको छ । यही हो गहन पठनको संस्कृति, जसले पुस्तकले स्थापित गरेको शाश्वत सत्यमा लगेर हरेक गम्भीर पाठकलाई भेटाउने चौतारी बनिदिन्छ । यसरी हेर्दा यो पुस्तकले पठनचौरालीको सुस्ताउने, चिन्तन गर्ने चौतारी बनिदिएको छ ।

अनुसन्धानले नयाँ तथ्यको खोजी गरेर आफ्नो प्राक्कल्पना र अध्ययनको उद्धेश्य र औचित्यलाई साबित गरेको छ नै । अर्को रोचक कुरा यसले ललिताघाट क्षेत्रका क्षेत्राधीश तथा साम्राज्येश्वर पशुपतिनाथ महादेव मन्दिर तथा धर्मशाला सञ्चालक समिति (ट्रस्ट)लाई पनि ठूलो गुन लगाएको छ भन्ने कुरालाई निम्न अंशले यसरी पुष्टि गरेको छ :

'नइले खिचेको रणमुक्तेश्वर शिवलिङ्ग र ललितागौरीको पाउको चरणको फोटो हेरेपछि ललिताघाट क्षेत्रका क्षेत्राधीश तथा साम्राज्येश्वर पशुपतिनाथ महादेव मन्दिर तथा धर्मशाला सञ्चालक समिति (ट्रस्ट)का अध्यक्ष स्वामी ओमकारानन्द गिरी, महासचिव प्रा.डा.गोपालप्रसाद अधिकारी र प्रबन्धक रोहित ढकालले आश्चर्य मान्दै एकै स्वरमा भनेका थिए– 'यो मन्दिर सधैँ बन्द गरेर राखिएको थियो । तपाईंहरू (प्रसाई परिवार) को मन्दिर प्रवेश र तस्बिर यसरी बाहिर आउनु आश्चर्य र गौरवकै विषय रह्यो । यतिका वर्षसम्म प्रयास गर्दा पनि हामी त्यहाँ छिर्न सफल भएका थिएनौँ । साथै त्यहाँ भएका देउताको हामीसँग फोटो नै पनि थिएन । यस अर्थमा यहाँहरू काशी आउनु ठूलै उपलब्धि भएको छ । यो उपलब्धि नेपाली धर्म र संस्कृतिको अभिलेखमा अक्षुण्ण रहनेछ ।'

नरेन्द्रराज प्रसाईको अनुसन्धान कार्यले ललितत्रिपुरसुन्दरीलाई त स्थापित गर्ने काम गरेको छ नै । अर्को महत्त्वपूर्ण कुरा नेपालीको आस्थाको केन्द्र काशीमा बन्द भएर बसेको तीर्थयात्रीले दर्शन गर्न नपाएको मन्दिर खोलिदिने आधार बनाइदिएको छ । यस अर्थमा यो अनुसन्धानले एउटा तीरबाट दुईवटा अग्रगामी सांस्कृतिक यात्राको मार्ग स्पष्ट रूपमा कोरिदिएको छ ।

# नरेन्द्रराज प्रसाईको अर्जुनदृष्टि ललितत्रिपुरसुन्दरी

अनुसन्धान भनेको एक प्रकारको अनुष्ठान हो । यो अनुष्ठानलाई अन्वेषक नरेन्द्रराज प्रसाईले सुरक्षित गन्तव्यमा पुऱ्याएका छन् । अध्ययन र खोजीका क्रममा भेटिएका बलियो सान्दर्भिक स्रोतलाई जस्ताको तस्तै दिएर त्यसका बारेमा उठेका विवाद शङ्कालाई उनले राम्ररी खण्डन गरेर विवादनिवारणको यात्रा गरेका छन् । ऐतिहासिक घटनाको विवेचना र व्याख्या ठोस तथ्यका आधारमा 'प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरी' जीवनीकृति प्रस्तुत भएको छ । यस पुस्तकमा विविध कालखण्डमा भएका महत्त्वपूर्ण सांस्कृतिक र ऐतिहासिक कार्यको सूचनालाई लुकाइएको छ वा हटाइएको छ भने त्यसको खोजी गरेर ललितत्रिपुरसुन्दरीले गरेका काम र योगदानको आधारमा उनको मूल्याङ्कन गरिनुपर्छ भन्ने शाश्वत सिद्धान्तका आधारमा नरेन्द्रराज प्रसाईबाट ललितत्रिपुरसुन्दरीलाई अघि सारिएको छ ।

पहिलो, दोस्रो र तेस्रो संस्करणमा आउँदा नयाँनयाँ तथ्य थपिँदै र परिमार्जित हुँदै आएको 'प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरी'भित्र जति छ, धेरै छ । एउटै व्यक्तिको खोज र अनुसन्धानले त्यस्ता अनुष्ठान सम्पन्न गर्न गाह्रो हुन्छ । ललितत्रिपुरसुन्दरीका बारेमा अन्य तथ्य पनि छरिएर रहेका हुन सक्छन् त्यसैले खोजी जारी रहनुपर्छ (पृ.२५) भन्ने आशय लेखकले व्यक्त गरेका छन् । एक

महत्त्वपूर्ण तर अनिर्णित अवस्थामा जैँ रहिआएको विषयमा 'प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरी'नामको जीवनीकृतिले रचनात्मक योगदान पुऱ्याएको छ । प्रसाईको यो ज्यादै आँटिलो कार्य हो । 'राजधर्म'को लेखकको नाममाथि विवाद भइरहेको अवस्थामा ललितत्रिपुरसुन्दरीलाई नै प्रथम नारीस्रष्टा भनी स्थापित गर्नका निम्ति हरेक कोणबाट अर्जुनदृष्टि लिएर लेखक प्रसाई अगाडि बढेका छन् । उनले प्रथम नारीस्रष्टा भनेर स्थापित गर्नका लागि विभिन्न क्षेत्रबाट स्रोत जुटाएका सन्दर्भसामग्रीभित्र मैले अर्कै तहको सूचना भेटेकी छु । त्यसलाई सांस्कृतिक जीवनशैलीको प्रभावका रूपमा व्याख्या गरिएको छ । ललितत्रिपुरसुन्दरीलाई साहित्यिक व्यक्तित्वका रूपमा विवाद गरिनु पश्चगामी सोचको पितृसत्तात्मक सामाजिक चिन्तन हो । यसको असर दुई सय वर्षअगाडि नै दिवङ्गत भइसकेकी उनले आजसम्म भोग्न परिरहेको तथ्य ज्यादै निन्दनीय र दु:खलाग्दो हो ।

नि:स्वार्थ रूपमा अत्यन्त मानवीय संवेदनाले भरिएर एउटा अन्वेषक धेरै वर्षअगाडिदेखि लागिरह्यो, लागिरह्यो, लागिरह्यो । परिणामस्वरूप नेपाली साहित्यले 'प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरी' जीवनीकृति प्राप्त गर्ने अवसर पायो । अब यो विवादको यहीँ नै अन्त्य हुनुपर्दछ । यो पुस्तक र पुस्तकभित्रका तथ्यले यो विवाद सकियो भन्ने सामर्थ्य राखेको छ । यसलाई खण्डन गर्ने आधिकारिक सूचना नभेटिउन्जेल प्रथम गद्यकार ललितत्रिपुरसुन्दरी नै इतिहासमा स्थापित भइसकेकी छन् ।

सत्यम् शिवम् सुन्दरम्को दिशामा चलन खोजेको जनजीवन र समाजलाई परिस्थितिले ठीक उल्टो धारमा ल्याएर उभ्याइदिने गर्दा अग्रगामी चिन्तनद्वारा निर्देशित सामाजिक र सांस्कृतिक कार्यका महत्त्वपूर्ण तथ्य र दस्ताबेज लुकाइने, नलेखिने घटनाहरू व्यापक रहेका छन् । तर नीतनवीन चिन्तनबाट डोऱ्याइएका चिन्तकहरूबाट अरु त्यस्ता दस्ताबेज जसले सभ्यता र इतिहासको

कालखण्डमा छोडेर गएका सूक्ष्म सङ्केतमा टेकेर गम्भीर अध्ययन र अनुसन्धानको परिवेश निर्माण हुने क्रमले भने जीवन्तता पाउन थालेको देखिएको छ ।

आजको फराकिलो अवस्था भनिएको समयमा पनि महिला जातिलाई अनेक तरहले अङ्कुश लगाएर काम गर्ने अवसर नै नदिइएको कारणले यस जातिले आफ्नो क्षमता प्रदर्शन गर्ने मौका पाउन नसकेको हो । महिलालाई अक्षम र काम गर्न सक्दैनन् भन्ने भाष्य निर्माण भइरहेको आजको अवस्थामा आजभन्दा दुई सय वर्षअगाडिकी ललितत्रिपुरसुन्दरीको कार्यबाट महिलाले अवसर पाएको देखियो भने महिलाले कसरी आफ्नो क्षमता प्रदर्शन गर्ने रहेछ भन्ने कुराको पुष्टि भएको छ ।

भारतका विभिन्न प्रान्त घुम्दा सडकमा देखिने विभिन्न मुद्राका ठूलाठूला प्रस्तरका सालिकको स्थापनाले निरन्तर ऐतिहासिक महत्त्वपूर्ण कालखण्डको घटनालाई जीवन्त बनाएर देश र विदेशका नागरिकलाई त्यसका बारेमा सूचना प्रवाह गरिरहेको देखिन्छ । तिनले थाहा पाउनेछन् कि त्यो ठाउँको नाम त्रिपुरेश्वर महादेवस्थल किन र कसरी राखिएको रहेछ । त्यो ऐतिहासिक तथ्यका बारेमा ती अभिलेख बोलिरहेका छन् । लोकजीवनले श्रद्धापूर्वक त्रिपुरेश्वर महादेवको मन्दिरमा दर्शन गर्न जाने परम्पराले पनि त्यसको महत्त्वलाई पुष्टि गरेको छ । मानसपटलमा घुमिरहेको छ, कुनै दिन दूरदर्शी राजनीतिक नेतृत्वले सोचेर, बुझेर त्रिपुरेश्वरको कुनै चोकमा ललितत्रिपुरसुन्दरीको मूर्तिलाई स्थापित गरिदिनेछ, जुन राष्ट्रिय सम्पदाका रूपमा भविष्यका पुर्खाले सम्मानपूर्वक शिर निहुराउनेछन् ।

महाभारत ‘शान्तिपर्व’को ‘अनुशासनपर्व’लाई ‘राजधर्म’को रसिलो नेपाली भाषामा गद्यमा अनुवाद गर्ने स्रष्टाको सिर्जनामाथि नै विवाद गरिएको अवस्थामा ललितत्रिपुरसुन्दरीको राजकीय नालबेली समेटिएको लेखनयात्राले उनको विविध व्यक्तित्वको पाटोलाई

खोलिदिएको छ । त्यो पाटोमध्ये नेपाली साहित्यमा भानुभक्तलाई आदिकविको उपाधिमा स्थापित गरेजस्तै उनलाई पनि आदिगद्यकारको उपाधिमा स्थापित गरिनुपर्छ भन्ने पाटो महत्त्वपूर्ण देखिएको छ ।

अनुसन्धानले कहिले पनि विराम लगाउँदैन । अध्ययनबाट नयाँ र नवीन तथ्य प्रामाणिकताका साथ भित्र्याउने वा स्थापित गर्ने ढोका खुलै रहने गर्दछ । अनुसन्धान पुरातत्त्वको कुरा हो । भोलिका दिनमा लुकाइएका तथ्य भेटिन सक्ने सम्भावना बढिरहेको बेला अझै प्रामाणिक वा सान्दर्भिक तथ्य भेटिने कुराको सङ्केत प्रशस्त देखिँदै गएको पाइन्छ । यति हुँदाहुँदै 'प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरी'नामक कृतिलाई अहिलेसम्मकै आधिकारिक या प्रामाणिक मान्नुपर्दछ ।